साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक ९ २०८१ असोज १ गते मंगलबार (Sep. 17, 2024) मूल्य रू. १०/-

## पेपर मिल चलाउन बत्ती छैन


महोत्तरीको गौसालामा २ अर्ब लगानीमा स्थापना भएको आइएमई र एभरेष्ट ग्रुपको नेपाल पल्प एण्ड पेपर इण्डष्ट्रिज विद्युत आपूर्ति नहुँदा सञ्चालन हुनसकेको छैन । यो उद्योगका लागि ३३ हजार केभिएको विद्युत् आवश्यक पर्छ । मिलसम्म बिद्युत पुगेको छैन, विद्युतका कारणले मिल चलाउन सकिएको छैन ।

यो पेपर मिलमा करोडौं मूल्यका ठूलाठूला मेसिन, औजार पनि जडान गरिसकिएको छ । विद्युत् आपूर्ति गर्न प्राधिकरणले ठूलै चलखेल गरिरहेको छ ।

४ महिना अघि नै विद्युत् प्राधिकरणसँग ७५ प्रतिशत मिलको लगानी र २५ प्रतिशत विद्युत् प्राधिकरणको लगानीमा सम्झौता भएर मिलले विद्युत् जडानका लागि एक करोड ४१ लाख ५९ हजार दुई सय ७० विद्युतका ठेकेदार कम्पनी प्रिन्स कन्स्ट्रक्सनलाई बुझाइसकेको छ, तैपनि मिलमा विद्युत् जडान हुनसकेको छैन ।

यो मिलमा १२ किमी टाढा रहेको पूर्व-पश्चिम राजमार्गस्थित विद्युत् स्टेशनबाट लाइन ल्याउनुपर्नेछ । प्राधिकरणकै दलालले स्थानीयलाई अवरोध खडा गर्न लगाएपछि समस्या परेको बताइन्छ । रामनगर गाउँका बासिन्दाले मापदण्डबमोजिम विद्युतका खम्बा गाड्न नदिएका कारण विद्युत प्राधिकरण र प्रशासन तमासे बनेका छन् ।

## नेताहरू मार्क ट्वेनलाई पढ



मार्क ट्वेन भन्थे- एउटा राम्रो प्रशंसा सुनेपछि म दुई महिना बाँच्नसक्छु । अकबरे खुर्सानीजस्तो जनघृणा देखेर, जनआलोचना सुनेर राजनीतिका नाममा सेटिङतन्त्र चलाउने नेपालको नेतृत्व बर्ग राजनीतिमा कसरी हाँसिरहन, बाँचिरहन सकेका होलान् ? कल्पबृक्ष मानिएका नेताहरू विषवृक्ष साबित भइसकेपछि पनि सुख, समृद्धि, शान्ति दिन्छु भन्दैछन्, हामी पत्याउँदैछौं । काशी काश्मिर अजब नेपाल भनेको यही हो । नेता जनघृणा पचाइरहेछन् ।

## दलितलाई खै ? दलितलाई खै ?

**दलितलाई खै,** दलितलाई कानुन न्याय खै, दलितलाई मन्त्री खै ? यही नाराका साथ दलित समुदायले अर्धनग्न जुलुस प्रदर्शन गरेका छन् ।




दलित समुदायले निषेधित क्षेत्र तोड्न खोज्दा प्रहरीले दमन पनि गरेको थियो । अर्धनग्न जुलुस माइतिघरदेखि नयाँ बानेश्वरसम्म प्रदर्शन गरिएको थियो ।


संविधानले दलित समुदायको अधिकारका लागि विभिन्न हक र अधिकारको व्यवस्था गरे पनि सरकारले कार्यान्वयन नगरेको भन्दै दलित अभियन्ता खगेन्द्र सुनारको नेतृत्वमा शनिबार युवाले अर्धनग्न प्रदर्शन गरेका हुन् । स्मरणीय छ, ३८ दिनदेखि हात, खुट्टा र घाटीमा नेल लगाएर काठमाडौंको माइतीघरमा निरन्तर धर्ना दिइरहेका दलितको समर्थनमा उत्रिएका युवा समूहले अर्धनग्न भएर विरोध प्रदर्शन गरेका हुन् । प्रदर्शनका क्रममा 'संविधान बन्यो दलितलाई खै ?', 'लोकतन्त्र आयो दलितलाई खै ?' जस्ता स्वभाविक प्रश्नसहितको नारा लगाइएको थियो । यति गर्दा पनि सरकारले दलितको आवाज र अपेक्षालाई सुनेको नसुन्यै गरेको छ ।

## नेपाल–अमेरिका संयुक्त सैनिक अभ्यास

भदौ ३० गते देखि असोज २ गते सम्म नेपालको विभिन्न स्थानमा नेपाली सेना र अमेरिकी सेना विच विपत व्यवस्थापन र मानवीय सहयोग, आतंकप्रतिरोधको ब्यानरमा संयुक्त सैन्य अभ्यास-'प्यासिफिक एन्जल' को कार्यक्रम थियो । यो अभ्यासलाई अमेरिका बिरोधी देखिन र देखाउन चाहनेले आलोचना गरेका छन् । आलोचक बिरोधीहरूको धारणा छ- सैन्य युद्ध आतंकको सुरूआत गरिरहेको र तेश्रो विश्व युद्धको पुर्व अभ्यास चलाईरहेको भनेका छन् ।

नेपालको नीति नै कुनै सैनिक गठबन्धनमा सामेल हुनेछैन । शान्ति र संवाद को पक्षमा उभिने नेपालको नीति रहेको छ । नेपालले लामो समयदेखि भारत, पाकिस्तान, चीन लगायत अन्य मुलुकका सेनासँग पनि क्षमताबृद्धि र मानवीय दक्षता बढाउन यस्ता सैनिक अभ्यास गर्दै आएको छ । जो एमसीसी पास हुनसक्दैन भन्थे र पास गरेर देखाए, तिनै शक्तिहरू यतिबेला बिरोधका लाग बिरोध गर्दै अमेरिकी हिन्द प्रशान्त महासागरिय साझेदारी सैन्य योजनासँग नेपाली सेनालाई सहभागी गराइरहेको आराप लगाइरहेका छन् । जुन यथार्थ होइन । जब नेपाल कुनै सैनिक गठबन्धनमा सामेल होला, यस्तो बिरोध सुहाउला । यतिबेला सेनाले गर्दै आएको सैनिक अभ्यासलाई निरन्तरता दिएकोमात्र हो ।

## पलेशा गोवर्धनलाई कोरियाको बधाई



नेपाली चेलीलाई बधाई दिएका छन् दक्षिण कोरियाका राजदूत पार्क थेयङले । सेप्टेम्बर ४ तारिखलाई गणतन्त्र कोरियाको विशेष दिन हो भन्दै महामहिम राजदूतले यस दिन तेक्वान्दो खेलले ओलम्पिक खेलका रूपमा आधिकारिकता पाएको दिनको सम्झनामा तेक्वान्दो दिवसका रूपमा मनाइन्छ । एक साताअघि अगस्त ३० तारिखका दिन नेपालले ओलम्पिक खेल तथा पाराओलम्पिक खेलकुदमा सहभागिता जनाउँदै आएकामा पहिलोपटक पदक जितेको दिनलाई इतिहासको पानामा लेखिनेछ भन्ने लाग्छ भनेका छन् ।



राजदूतले भनेका छन्- नेपाली चेली पलेशा गोवर्द्धनले तेक्वान्दो खेलमा हासिल गरेको यो ऐतिहासिक र बहुमूल्य उपलब्धिले विश्व समुदायमा नेपालको छवि उच्च बनाएको छ । नेपालका तर्फबाट फरक क्षमता भएकी महिला खेलाडीका तर्फबाट नेपालको शिर उच्च राख्न सफल भएको क्षणलाई ओलम्पिक इतिहासले अवश्य न्याय गर्नेछ भन्ने लागेको छ । मलाई यत्ति धेरै खुसी मिलेको छ भने सम्पूर्ण नेपाली जनतालाई झनै खुशी दिलाएको छ भन्ने लाग्छ । बधाई छ खेलाडी पलेशा गोवर्द्धनलाई ।

# कूटनीतिक क्षमतामा प्रश्नैप्रश्न

कुनै दिन नेपालले के बोल्छ भनेर विश्वले कान ठाढो पारेर सुन्थ्यो । आज नेपालको कूटनीतिक क्षमता राजदूत पदसमेत राजनीतिक भागबण्डा, व्यभिचार, लेनदेन, किनबेच, नातावाद, कृपावादको चङ्गुलमा परेपछि जेजति कूटनीतिक सम्मानको संचिति थियो, त्यो सबै समाप्त हुनपुगेको छ ।

३२ वर्षमा ३० सरकार बन्नु, सरकारैपिच्छे राजदूत नियुक्ती हुने, फिर्ता बोलाउने र आफ्नो तरिकाले नियुक्ति गर्ने प्रचलनले नेपालको कूटनीतिक क्षमतामा ह्रास आएको छ । त्यसै पनि नेपालले असंलग्नता र पञ्चशीललाई पराइको दबाब र प्रभावमा त्याग्ने नजीर स्थापित गर्नाले पनि नेपालको कूटनीतिक सम्बन्ध कमजोर बन्दै गएको छ ।

सरकारले विभिन्न मुलुकमा राजदूत नियुक्त गर्न सिफारिस गरेका राजदूत कति सक्षम, कति काबिल, कति




कूटनीतिक दक्षता भएका, कति सिफारिस भएका मुलुकको बारेमा जानकारी राख्ने, कति नेपालको छवि उज्याल्याउन र नेपालमा लगानी भित्र्याउन तथा नेपालसँग मैत्रीभाव-सम्बन्ध बढाउन सक्ने खालका होइनन् भन्ने विषय ती राजदूतहरूको संसदीय सुनवाईका अवसरमै खुलस्त हुनपुगेको छ ।

प्रस्तावित राजदूतहरूले अमेरिकी राष्ट्रपतिलाई नेपाल घुमाउन ल्याउनसक्ने, बेलायतका बृटिस गोर्खाका लामो समयदेखि मुद्दामा रहेको समस्या सुल्झाइदिने, खाडीमा सकेसम्म बढी कामदार लैजाने, फूटबल खेलाडीका देशमा सिफारिस भएका राजदुतले त फूटबलर रोनाल्डिनोलाई नै नेपाल ल्याउनेसम्मका योजना बताए । चीनले महत्व दिइरहेको बीआरआई होइन, हिमालयन कनेक्टिभिटी हुनुपर्छ भने । अर्काले इजरायलको युद्ध नै रोकिदिने क्षमता रहेको बताए । अर्काले रूस र युक्रेनको युद्ध रोक्न सक्ने बताएका थिए भने अर्काले भारतसँग सम्बन्ध आफूले सुधार्न सक्ने बताएका थिए ।

सुनवाईमा बसेका सांसदहरू प्रस्तावित राजदूतहरूका कुरा सुनेर दङ्ग परिरहेका थिए । कुनै पनि सांसदले नेपालको प्रतिनिधित्व गरेपछि राजदूतका रूपमा गर्नुपर्ने काम के के हुन् ? कसरी गर्नुहुन्छ ? पेश भएका योजना हावादारी भएनन् र भनेर सोधेनन् ।

प्रस्तावित राजदूत कसैले पनि परराष्ट्र मन्त्रालयबाट प्राप्त गाइडलाइनमा काम गर्छु भनेनन् । तिनका कार्ययोजना, सुन्दा लाजलाग्ने थियो । के गर्ने एउटा सरकारले नियुक्त गर्ने, अर्कोले फिर्ता बोलाउने, नयाँ नियुक्ती गर्ने, प्रचलन यही छ । यिनले पनि नियुक्ती पाउने पक्का छ । संसदीय सुनवाई त कर्मकाण्ड न हो ।

सत्तामा एमाले, कांग्रेस छन् । यिनले नियुक्त गरेका राजदूतहरूले नेपालको बाँकी छवि पनि धमिल्याउने भए ।

## धनराजको धन लुट्ने धन्दाले कांग्रेसमाथि चोट



धनराजका धन कमाउने अनेक धन्दाले नेपाली कांग्रेस लज्जित हुनपुगेको छ । जो सबैभन्दा बढी रवि लामिछानेको पछाडि लागेको थियो, उही सबैभन्दा बढी सहकारी ठग निस्किएका छन् । धनराज सादगी नेता देखिन्थे । उनका सहकारी ठगी काण्ड देखि नक्कली डिभोर्स काण्डसम्मले कांग्रेसभित्र ठूलै तरङ्ग फैलिएको छ । धनराज कानुन मन्त्री हुँदा ज्यानमारालाई माफीदिने, न्यायाधीश नियुक्तीमा आर्थिक चलखेल गरेका काण्ड पनि बाहिर आएका छन् । एमाले अध्यक्षमाथि भ्रष्टाचार गरेको भनेर हातपातकै तहमा उत्रने धनराज रातो पासपोर्ट काण्डदेखि मानव तस्करीसम्ममा जोडिएपछि कांग्रेसी नै उनलाई ढोंगी भन्छन् । यिनैले हस्तबहादुर मल्ल, महेन्द्रध्वज जिसीलगायतका रातो पासपोर्ट बेचेका थिए ।

धनराज गोल्डक्वेस्ट, युनिटी र अवैध नेटवर्किङ धन्दामा पनि जोडिएका छन् । युनिभर्सल पिस, होली वाइनको किस्सा अलग्गै छ । धनराजले इच्छाबहादुर तामाङको सिभिल सहकारी ठगीबाट राम्रै कमाएका थिए । मितेरी सहकारीमा श्रीमती ज्योति गुरूङलाई घुसाएर सहकारीलाई ठग्नु ठगे । धनराज नैतिक प्रश्नमा खडा भइसकेका छन् । नेपाली कांग्रेसले यिनलाई कसरी बचाउने हो, त्यो प्रतिक्षाको विषय छ ।

## भारतमा आइएनजीओ नेपालमा के होला ?

छिमेकी भारतीय सञ्चार माध्यमहरूमा पश्चिमा शक्ति आइएनजीओ मार्फत भारत ध्वस्त पार्ने प्रयोजनका लागि लगानी बढाउँदै लगेको छ । धान्न नसकेको मोदीको गोदी मिडिया लेख्छ- *जॉर्ज सोरोस और डीप स्टेट के राज और भारत के खिलाफ साजिश..! कैसे विपक्ष उनके हाथ की कठपुतली है..!* भारत यसरी तर्सिन थाल्यो ।

नेपालमा त संसद, सर्वोच्च, पार्टी सबैतिर आइएनजीओ हर्ताकर्ता बनेको छ, कल्पना गरौं, नेपालको के होला ?

## अमेरिकामा के होला, नहोला ?

परराष्ट्रमन्त्री सोमवार क्यानडा जाँदै, उतैबाट अमेरिका जाने भएकी छिन् भने प्रधानमन्त्री पनि राष्ट्रसंघमा सहभागी हुन



असोज ५ मा अमेरिका जाने तैयारी भएको छ । प्रम १५ गते फर्कने छन् ।

राष्ट्रसंघको महासभा सेप्टेम्बर १० देखि २८ (२५ भदौदेखि १२ असोज) सम्म न्यूयोर्कमा हुनेछ । त्यस अन्तर्गत समिट अफ द फ्युचर २२-२३ सेप्टेम्बर (६-७ असोज) मा हुनेछ ।

विश्वभरका परराष्ट्रमन्त्रीको सम्मेलनबाट अमेरिका पुग्ने परराष्ट्रमन्त्री र प्रधानमन्त्री, राष्ट्राध्यक्षलाई सम्मेलन, समिटमा भेटवार्ता गर्न सक्ने अवसरलाई एमाले अध्यक्ष र कांग्रेसकी परराष्ट्रमन्त्रीले नेपालको इज्जत बढाउने कार्य गर्लान् कि फोटो सेसन गरेर फर्केलान्, यो विषय कूटनीतिक चासोमा छ । यो अवसर महत्वपूर्ण मानिएको छ ।

## इन्द्रजात्राको तैयारी गरेर मेयर दिल्लीमा

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह कार्यक्रम मिलाएर भारत गएका छन् । बाल दिवसमा सडक बालबालिकालाई मर्न बाध्य पारेका प्रधानमन्त्रीलाई शुभकामना दिएर बालेन भारत लागेका हुन् । इन्द्रजात्रामा प्रधानमन्त्रीसँगै बस्नु नपरोस् भनेर उनले छलेको महानगरका कर्मचारी भन्छन् ।

बालेन साह भारत जानुअघि मोटरसाइकलको पछाडि बसेर महानगरका फिल्ड वर्क निरीक्षणमा निस्केका थिए । सबैलाई निर्देशन दिएर हिंडेका बालेन साह आजै स्वदेश फर्कनेछन् ।

आज मंगलबार इन्द्रजात्राको दिन । इन्द्रजात्राको अवसरमा महानगरले विशेष कार्यक्रम आयोजना गर्नेगर्छ । उक्त कार्यक्रममा राष्ट्रपति, प्रधानमन्त्री लगायत राज्यका उच्च पदस्थहरूलाई




निम्ता गरिन्छ । सबैलाई काठमाडौंका मेयर-उपमेयरले स्वागत गर्ने प्रचलन रहेको छ । तर यसवर्ष कार्यक्रममा वालेन साह उपस्थित रहने छैनन् ।

वालेनको क्रेज ठूलो छ, एक प्रमसँग भेट नहोस् भनेर कार्यक्रम छल्न र दोस्रो आफू पढेको कलेजको कार्यक्रममा सहभागी हुन वालेन गएका हुन् ।

प्रम ओली र वालेनवीच सामाजिक सञ्जाल र भाषणमा वार चलिरहेको छ, प्रधानमन्त्रीले वालेनलाई प्रतिद्वन्द्वी बनाउनु नै आश्चर्यको विषय बनेको छ ।

## उदार तानाशाहको पक्षमा छु म



**प्रेमसागर पौडेल**
**नेपाल–चाइना म्यूचुअल कोपरेशन सोसाइटी**

*सरकार किन राष्ट्रघाती गर्न र गराउन उद्दत भइरहन्छ ? अन्य अराष्ट्रिय काम गर्न मरिहत्ते गरिरहेको छ ? किन नेपालको हक र हितमा उभिन सक्दैन ।*

*एमसीसीले पश्चिमाका दलालहरू नाङ्गेझार भए का थिए भने नागरिकता संशोधन विधेयकमा ठूला दलहरूदेखि राष्ट्रपतिसम्मको मुखुण्डो उघारिएकै हो । लिपुलेक, लिम्पियाधुरा, कालापानीका सम्बन्धमा प्रचण्ड, आरजु राणासम्मले दिल्लीमा नबोल्ने भनेर गरेको कमिटमेण्ट राष्ट्रघात हो । मिसन ८४ भन्दै सडकमा आँधी ल्याउँछु भन्ने प्रचण्डको उद्घोष उनको अस्तित्व रक्षाको प्रश्न मात्रै हो । प्रचण्डले ओलीले धोका दिएको आरोप लगाउनु र ओलीले प्रचण्डमाथि धावा बोल्नु कर्मकाण्ड हो ।*

*देश अस्थिरताको सिकार भइसक्यो । नेपाली सेना र हामी जनता मिलेर देश बचाउने अवस्था आएको महशुस हुँदैछ । राजनीतिक दलहरू र तिनका नेतृत्वको बोली र ब्यवहार देश तथा जनता विरोधी देखियो । लोकतन्त्र नाममात्रमा सिमित भयो । बेथिति र अराजकताबाट पार पाउन उदार तानाशाह जरूरी भयो ।*



# गाउँका सामन्त अझै सामन्त छन्

भाग -२

मैले धामी बा'लाई फेरि प्रश्न् उठाए- ती सामन्तीहरूका परिवारको बिरोध कसैले गर्दैन थियो ?

धामी बा'ले केही थप कुराहरू बताउनु भयो !

सामन्तीहरूका बिरोधी एकजना उस्ताज बाजे हुनुहुन्थ्यो ! उस्ताज बाजेको एक जना छोरा गाउँभन्दा अलि बाहिर नै बस्नुहुन्थ्यो ! उसो त गाउँमा देवता पुजेको दिन ,दसैं तिहार कुनै चाँडपर्व मनाउन आउनुहुन्थ्यो ! उहाँको पनि गाउँमा एउटा सानो घरगोठ थियो, उहाँले गाउँबाट अन्त बसाई सर्न जाँदा गाउँकै एक गरिव परिवारलाई बेच्नु भएको थियो! उस्ताज बाजे गाउँका सामन्ती शोषक कै परिवार नजिकका भएता पनि तिनीहरूको सधैं बिरोधी नै हुनुहुन्थ्यो । एकचोटि ती सामान्तीको परिवारमा ठूलो कथा यज्ञ लाग्यो ! मानिसहरूको भीड देखियो ।

दिनरात पाप गर्ने पापीका संन्तानहरू खुब समाजमा राम्रो बन्नको लागि यज्ञ होम कथा गर्छन् भनेर उस्ताज बाजेले एउटा खसी काटेर आफ्ना साथिहरूसँग भोज गरेर खानुभयो ! भोलिपल्ट उस्ताज बाजेलाई ती सामन्तीहरू विभिन्न कुरा गर्न्न थाले हामिले घरमा कथा लाएका छौं तिमी खसी बाखा काट्छौ ? कस्तो खराव आचरण भएको मान्छे भनेर उस्ताज बाजेलाई गाली गर्न थाले तर उस्ताज बाजे निडर थिए । उनले भने मेरो आचरण गलत हैन, गलत त तिमी अत्याचारीहरूको हो मलाई धेरै बोल्न नगराउ तिमीहरू बोल्न त के थुक्न लायक पनि छैनौं !

सधैं पाप गर्ने गाउँका सोझासाझालाई पेल्ने सामन्तीको परिवारका एकजना मान्छेको हात कुहेर किरा परेको थियो ! उस्ताज बाजेले भन्नुहुन्थ्यो समाज यस्तो हुँदैन यो कुकुरको फौंज हो तर गाउँका मान्छेहरू त ती सामन्तीहरूको डरले बोल्दैनथे रातदिन एकजना मात्रै कति बोल्ने उस्ताज बाजेपनी गाउँ छोडी जानू भयो र केही समयपछि बितिहाल्नु भयो ।

गाउँले कोहि साथमा नहुँदा पनि ती सामन्तीहरूको अत्याचार सँग रातदिन क्रान्ती गर्ने समाजका एक दुई जना अन्य मान्छेहरू पनि थिए तर रातदिनको टाउको दुखाई सहन नसकी जन्मेको गाउँनै छोडी आफ्नै छुट्टै राम्रो समाज निर्माण गर्न हिँडे ! अहिले त समयनै बिस्तार बिस्तारै बदलिँदै गयो मान्छेहरू शिक्षत हुँदै गए ती सामन्तीहरूका गलत काम विरूद्ध बोल्ने थुप्रै युवाहरूको जन्म भैसक्यो त्यति अन्याय अत्याचार त गर्न पाउँदैनन् तर पनि बाबू धन सम्पतीको आँडमा जुनसुकै गलत कदम उठाउन बेर गर्दैनन् आफ्नै छोरी चेलिलाई समेत हातपात गरेका कयौं उदाहरण मैले भनिसके अहिले पनी तिनिहरूका सन्तानहरूले अरूलाई हुन् दिदैनन् केहि बर्ष मात्रै भयो एकजना छोरी स्कुलको मेडम हुन लाग्योको थियो उसका कागजपत्र सबै च्यातेर फाली दिएको हो, जुँगे काकाको छोरा एकचोटि बिदेश जानू भएको थियो घर आएको बेला उसलाई समेत पुरै सामन्तीको परिवार खलकले त्यो साईला दाईको छोराको बिहेको दिन आक्रमण गरेको थियो !

अर्को एक जनालाई मेला हेर्न गएको दिन लात्तिले हानेर भिरमा खसाली दिएको थियो ! कहिलेकाँही गित गजल पनि गाउँछ - मल्ला घर जेठा दाईको टुहुरो छोरालाई पनी थुप्रै षड्यन्त्र गरेर फसाउन खोजेको त पुरै देशलाई नैं थाहा भयो !

धामी बा'लाई फेरि पनि मैले त्यही प्रश्न सोधे अहिले कस्ता लाग्छन् ती सामन्तीका खलकहरू ? धामी बा'ले मुसुक्क मुस्कान छोड्दै भन्नुभयो मैले भनिसके त, धर्म कर्म, किर्तन भजन ,सत सँगमा खुब लागेपनी बुबाबाजे हजुरबुबाले गरेको दम्भ देखाईहाल्छन्, तरपनी अलिकति पहिले भन्दा फरक र शान्त म देख्छु !

र सबैलाई भन्छु, सामन्तीका खलकहरू सुध्रेलानकी भन्ने आस पलाएको छ !







# ०४७ र ०७२ को संविधानमा जनमतसङ्ग्रह गर्ने कि ?

***०४७ सालको संविधानको राजा बीरेन्द्रबाट २०४७ कार्तिक २३ गते घोषणा भएको थियो। २०६३ माघ १ गते लागू भएको अन्तरिम संविधानमा-२०६३ मा २५ भाग १६७ धारा र चार अनुसुची थिए। ०७२ को संविधानमा भाग २७, धारा ३०२ र अनुसूची ९ रहेका छन्। यी संविधानमा जनमतसङ्ग्रह किन नगर्ने ?***



**डा. केशव देवकोटा**

नेपालमा आजको दुई दिनपछि एकथरीले संविधान दिवस र अर्कोथरीले कालो दिवस मनाउँदैछन् । ०७२ को संविधानलाई हाल नेपालमा देखिएका सबै समस्याहरूको जड मान्न थालिएको छ । यसको सम्पूर्णरूपमा खारेजीको माग भएपछि ०७२ को संविधानमा संशोधनगर्ने कुराहरू पनि चर्कोरूपमा उठ्न थालेका छन् । सरकारले संविधान संशोधनका लागि औपचारिकरूपमा कुनै प्रक्रिया नथाल्दै संसदमा रहेका बिभिन्न दलहरूले भित्रभित्रै आआफ्नो खाका बनाउँदै गरेको देखिएको छ । कतिसम्मभने कतै अज्ञात स्थानमा संशोधित संविधाननै तयार भएको हो कि ? भन्ने आशंकाहरू ब्यक्त हुन थालेका छन् । नेकां, एमाले र माओवादी केन्द्रका नेताहरूका भनाईलाई हेर्दा बाह् शक्तिबाट संविधान संशोधनको दबाव बढेको सहजै अनुमानगर्न सकिने भएको छ । ०७२ को असोज तीनगते साँझ पाँचबजे संविधान घोषणागर्दै सो संविधान अधुरो र अपुरो रहेको भनिएको थियो । त्यसपछि दुईपटक संशोधन भैसकेको छभने ति संशोधित बुँदाहरूको हालसम्म कार्यान्वयन हुनसकेको छैन । ०७२ को संविधान घोषणा भएपछि देशको मुख्यसमस्या भनेकै संघीयता, जातीय समाबेशी र समानुपातिक निर्वाचन पद्धति रहेको छ । तर तिनै कुराहरूलाई मुख्यत माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आफ्ना उपलब्धी भएको बताउँदै त्यसलाई अपरिवर्तनीय भनेको सुनिएको छ । यदि संविधान संशोधन गरेर उपरोक्त तीनवटा प्रावधान नहटाउने होभने संविधान संशोधन गरिरहनुको कुनै अर्थ छैन । नेपालको संवैधानिक विकासक्रम २००४ सालबाट शुरूभएको मानिन्छ । तत्कालीन राणा प्रधानमन्त्री पद्मशम्शेरले नेपाल सरकारको वैधानिक कानून-२००४ निर्माण गर्नुभएको थियो । त्यसैले राणा शासन अन्त्यको आधार तयगरेको थियो । त्यसपछि नेपालको अन्तरिम शासन विधान-२००७ घोषणा भएको थियो । जुन संविधान मस्यौदागर्नेहरू भारतीय थिए । २०१५ सालसम्म कायम रहेको सो संविधान सात पटक संशोधन भएको थियो । त्यसपछि बेलायती संविधानविद् सर आइभर जेनिङ्सलाई सल्लाहकार नियुक्त गरियो । जेनिङ्सकै सल्लाह र तयारीमा २०१५ फागुन एक गतेदेखि नेपाल अधिराज्यको संविधान- २०१५ लागूभएको थियो । त्यसपछि २०१९ सालमा नेपालको संविधान जारी गरियोर। २०४६ सालको आन्दोलनपछि २०४७ कात्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ लागूभएको थियोर। ०६३ को परिवर्तनपछि नेपालको अन्तरिम संविधान-०६३ र ०७२ मा हालको संविधान घोषणा भएको हो । ००४ देखि ०७२ सम्मको संविधानलाई केलाएर हेर्ने होभने नेपालको राष्ट्रिय राजनीतिका बारेमा धेरै कुराहरू स्पष्ट हुन पुग्दछन् ।

०६३ को परिवर्तनपछि २०६३ को अन्तरिम संविधान जारीभएको थियो । सो संविधान निर्धारित म्यादसमेत सकिएको संसदलाई जबरजस्त ब्युँताएर गरिएको हो । जसको जग असंवैधानिक रहेको स्पष्ट छ । त्यसपछि ०६३ को अन्तरिम संविधान बमोजिम ६०१ सदस्यीय संविधान सभा सदस्यको निर्वाचन गरिएको थियो । २०६५ सालमा संविधान सभाले राजतन्त्रको अन्त्यगरेर गणतन्त्रको घोषणा गर्‍योर। तर उक्त पहिलो संविधान सभा संविधान बनाउन नसकेर २०६९ साल जेठ १५ मा आफै बिघटन भएको थियो । त्यसैले उसले गरेको घोषणा पनि संसयको घेरामा परेको थियो । २०७० साल मंसिर चारमा फेरि संविधान सभाको निर्वाचन भयोर। जसले २०७२ असोज तीनगते राष्ट्रपति डा. रामवरण यादवमार्फत अधुरो र अपुरो संविधान जारीगराउन सकेको थियोर। जसमा छिमेकी भारतको बिरोध र अमेरिका लगायतका पीश्चमा राष्ट्रको समर्थन रहेको देखिन्थ्यो । जबकी ०७२ को संविधान बनाउन करिव साँढे सातबर्षको समय र राष्ट्रिय ढुकुटीबाट करिव ३० अर्व रूपैयाँ खर्च भएको थियो । संसारमै सबैभन्दा लामो समय र खर्च गरेर बनाइएको यो पहिलो संविधान भएको थियो । तत्कालीन बिद्रोही माओवादी र सरकारबीच २०६३ मंसिर पाँचगते विस्तृत शान्ति सम्झौता भएको थियो । जुन हालसम्म पनि टुंगोमा पुग्नसकेको छैन । २०४६ सालको जनआन्दोलन पश्चात् गठित संविधान सुधार सुझाव आयोगले करिव आठ महिनामै ०४७ सालको संविधानको निर्माण गरेको थियो । तत्कालिन राजा बीरेन्द्रबाट २०४७ कार्तिक २३ गते त्यसको घोषणा भएको थियो । नेपालको अन्तरिम संविधान २०६३ लागू भएपछि सो संविधान खारेज भएको भनिएको थियो । २०४६ चैत्र २६ मा बहुदलिय ब्यवस्थाको पुन:स्थापना भएपछि तत्कालीन राजा बीरेन्द्रबाट २०४७ बैशाख आठगते विश्वनाथ उपाध्यायको अध्यक्षतामा संविधान सुधार सुझाव आयोग गठन गठनहुँदा त्यसलाई अस्वीकार गरिएको थियोभने जेठ १६ मा तत्कालिन सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्याय अध्यक्ष तथा सूर्यनाथ उपाध्याय सचिव रहेको नौ सदस्यीय संविधान सुझाव आयोग गठन भएपछिमात्र काम अगाडि बढेको थियो । उक्त आयोगले संविधान मस्यौदा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको उपस्थितिमा २०४७ भदौ २५ मा राजा समक्ष पेशगरेको थियो । संविधान मस्यौदा ग्रहण गरेलगत्तै सोही दिन उक्त मस्यौदा राजाबाट प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई हस्तान्तरण भएको थियो ।

२०४७ कार्तिक २३ गते राजा बीरेन्द्रबाट उक्त संविधान घोषणाभई जारीभएको थियो । तत्कालीन अवस्थामा उत्कृष्ठ भनिएको उक्त संविधानका २३ भाग १३३ धारा र ३ अनुसुची रहेका थिए । उक्त संविधानमा १३ वटा मौलिक हकहरू तथा १६ वटा राज्यका नितिहरू उल्लेख थिए । जसले कार्यकारीणी अधिकार राजामा निहित गरेको थियो । दुई सदनात्मक ब्यवस्था थियो । तल्लो सदन प्रतिनिधि सभामा २०५ क्षेत्रबाट निर्वाचित २०५ सदस्य रहने ब्यवस्था थियो । राष्ट्रिय सभामा ६० जना सदस्यहरू हुन्थे । जसमा कानूनमा ब्यवस्था भए बमोजिम एकल संक्रमणिय मतको आधारमा ३५ सदस्यहरू निर्वाचित हुने ब्यवस्था थियो । अर्थ, सशस्त्र प्रहरी तथा नेपाली सेनासम्बन्धी बिधेयक राजाको पूर्वस्वीकृति लिएरमात्र संशोधन हुने ब्यवस्था थियो । प्रत्येक सदनको कम्तीमा दुई तिहाई सदस्य उपस्थितभई उपस्थित सदस्यको दुईतिहाई सदस्यको बहुमतले संविधान संशोधन हुनसक्ने प्रावधान थियो । प्रतिनिधि सभाको बैठकमा उपस्थित दुईतिहाईभन्दा बढी सदस्यको बहुमतले छमहिनासम्म संकटकालीन ब्यवस्था लागूगर्न सक्ने ब्यवस्था थियो । २०६३ पौष एकगते माओवादीलगायतका आठवटा पार्टीले हस्ताक्षर गरेको संविधान मस्यौदा अनुरूप २०६३ माघ एकगते लागू भएको नेपालको अन्तरिम संविधान-२०६३ मा २५ भाग १६७ धारा र चार अनुसुची थिए । ०७२ को संविधानमा भाग २७, धारा ३०२ र अनुसूची नौवटा रहेका छन् । संविधान परिवर्तन गर्नपर्ने अवस्था आएमा संसदको दुईतिहाइ बहुमतबाट परिमार्जनगर्न सकिने भनिएको छ । ०७२ संविधानले संघीयतालाई आत्मसात गरेको छ । सातवटा प्रदेशको ब्यवस्था छ । जसलाई परिमार्जनगर्न वा थपघटगर्न सकिने भनिएको छ । प्रदेशको नामाकरण प्रदेश संसदको दुईतिहाइले गर्ने भनिएपनि माओवादी केन्द्रलेनै कोशी प्रदेशलाई मान्यता दिएको छैन । शासन प्रणालीको हकमा संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री रहने संसदीय प्रणाली अपनाइएको छ । राष्ट्रपतिको चुनाव प्रदेशसभा सदस्य र केन्द्रीय संसद्का सदस्यहरूले गर्छन्भने प्रधानमन्त्री संसदबाट छानिने ब्यवस्था छ । सरकारलाई अस्थिर बन्ननदिन प्रधानमन्त्रीविरूद्ध शुरूका दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने व्यवस्था गरिएको छ । तर बर्ष बर्षमा सरकार परिवर्तन भैरहेका छन् । प्रधानमन्त्रीले संसद विघटनगर्न नपाउने व्यवस्था गरिए पनि पटक पटक विघटनगर्ने प्रयास हुँदै आएको छ । संसदमा समावेशी प्रतिनिधित्व हुने भनिएपनि त्यस्तो नभएको आवाज उठेको छ ।

मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ । त्यसकाबारेमा पनि गंभिर प्रश्नहरू उठेका छन् । प्रतिनिधिसभा र राष्ट्रियसभागरी दुईवटा सदन रहने ०४७ कै ब्यवस्था कायम छन् । प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित १६५ र समानुपातिक ११० सहित २७५ सदस्य हुने ब्यवस्था छ । राष्ट्रियसभामा सात प्रदेशबाट निर्वाचित ५६ र राष्ट्रपतिबाट मनोनीत तीनसहित ५९ सदस्य हुनेछन् । संघ, प्रदेश र स्थानीयगरी तीन तहको राज्य संरचना रहेको छ । केन्द्रमा बढीमा २५ सदस्यीय मन्त्रिपरिषद् बन्नेछ । चुनाव हारेका व्यक्ति मन्त्री बन्न पाउँने छैनन् भनिए पनि प्रधानमन्त्रि र राष्ट्रिय सभाको सदस्य भएको उदाहारण छ । संविधानसभालाई केही बुँदाहरूमा पूर्व शर्तको भारी बोकाइको थियो । संविधानसभाका माओवादीका सबै समूहले भाग पनि लिएका थिएनन् । त्यसैले यसलाई सर्बसम्मत भन्नसकिने अवस्था रहेन । हाल आएर ०७२ को भन्दा ०४७ को संविधान उत्कृष्ठ रहेको आवाज उठेको छ । त्यसैले हालको अवस्थामा संविधान संशोधन गरेर मात्र राजनीतिक बिवादहरूको अन्त्य हुनसक्ने संभावना छैन । त्यसैले ०४७ र ०७२ को संविधानका बीचमा जनमत संग्रह गरेर छिनोफानो गर्नेकि भन्ने प्रश्न उठेको छ । सरकारका साथै मुख्यत संसदमा रहेका दलहरूको यसतर्फ ध्यानाकर्षण हुनु आवश्यक छ ।

# हाम्रा देशका बालबालिकालाई कति गाह्रो छ पढ्न ?



Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# भ्रष्टाचारविरूद्धको म्यूजिक भिडियो सार्बजनिक

***भ्रष्टाचारको चपेटामा देश*** म्यूजिक भिडियो सार्बजनिक भएको छ । हेम-सरिता पाठक फाउन्डेसनले फाउन्डेसनका प्रमुख संरक्षक हेम पाठकले रचना गर्नु भएको भ्रष्टाचार विरूद्धको गीत ***भ्रष्टाचारको चपेटामा देश*** म्युजिक भिडियोका रूपमा आएको छ ।

सो म्युजिक भिडियोको सार्वजनिक कार्यक्रमका प्रमुख अतिथिद्वय नेपाल सरकारका पूर्व मुख्य सचिव लीला गड्तौला र वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ रहेका थिए । कार्यक्रममा गीतकार हेम पाठकले विशेष मन्तव्य राख्दै गीत सिर्जना र संस्थाको उदेश्य र महत्वमाथि प्रकाश पारेका थिए । साथै गीतकार पाठकले आफू नेपालमा रहँदा तीन दशकअगि सामाजिक विकास समाज, अनामनगरमार्फत भ्रष्टाचार विरूद्धको जुलुस निकालेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सभाकक्षमा भ्रष्टाचार विरूद्धको कार्यक्रम गरेको स्मरण गरेका थिए ! सोही अवसरमा गीतकार पाठकले आक्रोसित मुद्रामा बृद्ध भ्रष्टाचारीहरू मरेर गए पनि तिनीहरूको हड्डी जेलमा हालेर असुलउपर गर्नुपर्ने बताएका थिए ।

फाउन्डेसनकी संरक्षक सरिता पाठकको सभापतित्वमा सम्पन्न सो कार्यक्रमका विशिष्ट अतिथिहरू वरिष्ठ सर्जक एवं भ्रष्टाचार विरूद्धको अभियन्ता भरत जंगम, वरिष्ठ कलाकार मदनदास श्रेष्ठ, वरिष्ठ इतिहासविद् प्रा. डा. सुरेन्द्र के. सी. र नेपाल गीतकार संघका अध्यक्ष वसन्त थापा वित्यासी रहनु भएको थियो । कार्यक्रमप्रति व्यापक उत्सुकता थियो ।



कार्यक्रममा फाउन्डेसनका सल्लाहकारहरू रविन्द्र मिश्र, रामेश्वर फुँयाल, विज्ञान शर्मा, रमेश खरेल, देवेन्द्र सिटौला र तीर्थ कोइराला तथा पूर्व राजदूत अर्जुन कार्की, प्रचार विभाग प्रमुख मातृका पौडेल र नेपाल शाखाका अध्यक्ष राधेश्याम लेकालीको उपस्थिति रहेको थियो ।

यसैगरी संस्थाका भ्रष्टाचार विरूद्धका अभिव्यक्ति दूत किरण के. सी. (म्युजिक भिडियोका नायक), ***भ्रष्टाचारको चपेटामा देश*** म्युजिक भिडियोकी गायिका कुन्ती मोक्तान, गायक शिशिर योगी र सङ्गीतकार बी बी अनुरागी लगायत म्युजिक भिडियोका कलाकारहरू विद्या कार्की, रेष्मा श्रेष्ठ, राजु भुजू, आर.के. मानन्धर र म्युजिक भिडियोका निर्देशक सुदन के. सी. पनि कार्यक्रममा थिए ।

कार्यक्रममा प्रमुख अतिथिद्वय लीला गड्तौला र मदनकृष्ण श्रेष्ठ, अतिथिहरू रविन्द्र मिश्र र प्रा. डा. सुरेन्द्र के. सी. अध्यक्ष सरिता पाठक र कलाकार किरण के. सी.ले आआफ्नो मन्तव्य राखेका थिए । स्वागत राधेश्याम लेकालीले र प्रस्तोतामा बिबुसा बस्नेत थिइन् ।

# केही उदीयमान कविहरूद्वारा मुक्तक लेख्ने प्रयासहरू



मलाई केही लोभ छैन, सिङ्गो जीवन बाँच्न चाहन्छु
साँच्चै नढाँटी भन्छु, मृत्युसँग नडराई हाँस्न चाहन्छु
संसारमा जन्मेपछि कसैले अजम्मरी पाएको हुँदैन
बाँचुन्जेल सबैसँग मानवताको माया गाँस्न चाहन्छु

**- ज्ञान उदास**



तिमीले टेक्ने धर्ती मैले टेक्नु नै गल्ती थियो
तिमी सँग हजार सपना देख्नु नै गल्ती थियो
तिमी जिउने म मर्ने यस्तो लाग्छ नियति पनि
मेरो निधारमा भावीले लेख्नु नै गल्ती थियो ।

**- अर्जुन अधिकारी**



मृत्यु सत्य जीवन भ्रमको,पाटो रहेछ यो जिन्दगी
छोए बल्झिहाल्ने घाउको,खाटो रहेछ यो जिन्दगी
देखिएको सन्सार अनि ,मूल्याङ्कनले भोगाईको
मलामी र जन्ती छुट्ने, दोबाटो रहेछ यो जिन्दगी

**- प्रभा पोखेल**



यहाँ घाम रूँदा सबै बस्तुको छायाँ हरायो
भोकले हिउँलाई आगोको ज्वाला बनायो
हावा मुठ्ठीमा लिएर अमृत बनाउछु नभन्नुस्
असम्भव प्रवचनले देश नाङ्गो र कङ्गाल गरायो ।

**- उषा केसी**



पेटलाई खाना मन लागे प्यास चाहिन्छ
आ-आफ्नो हुनलाई भरपुर खास चाहिन्छ
सांसारिक क्षणिक सुख नभन्नु कहिल्यै
दु:ख पीर पोख्ने आफन्त पास चाहिन्छ ।

**- गंगा आचार्य**



नेपाली चोली सारीको पहिरन नारी हुन्
किन सम्झिदैनन् नारी इज्जतदारी हुन्
श्रृष्टिले घर सिङ्गारी सेवा मायाँले सधैँ
उनकै खुशीमा रमाउने महान उपकारी हुन् ।

**- अमृता रामदाम**



मिठो बोलीले जूनतारा देखाउँछन्
दुखीलाई व्यर्थ, सहारा देखाउँछन्
चुनाव हुन्जेल रहेछ जिउ जिउ गर्ने
सदन पुगी त्यै नेता बङ्गारा देखाउँछन् ।

**- प्रेम सुनार**



भाग्यौ टाढा किन मदेखि बताउँदै बताएनौं
तिम्रो मनमै बस्न खोजेको मताउँदै मताएनौं
तिम्रो परपर हुने बानी विभ्न थाले अब त
म नजिक आउँदानि तिमीले सताउँदै सताएनौं ।

**- अम्बिका अधिकारी**

# हरि मञ्जुश्रीको अनुसन्धान–

## ब्राम्हण भनेको जाति होइन

अचेल 'ब्राह्मण' लाई जाति भन्छन् । तर ब्राह्मण भनेको जाति होइन, ब्रह्मज्ञानी हो । ब्राह्मण शब्द वेदसँग सम्बन्धित छ । वेद भनेको ज्ञान हो । वेद अथवा ज्ञानलाई ब्रह्म भनिन्छ । वेदलाई दुई तरिकाबाट प्रस्तुत गरिएको छ – संहिता र ब्राह्मण । संहिता भनेको वेदको मन्त्रभाग हो । ती मन्त्रलाई कसरी प्रयोग गर्ने भनेर व्याख्या गरिएको ग्रन्थ ब्राह्मण हो । अर्थात् ब्रह्मको व्याख्या गरिएको पुस्तकलाई ब्राह्मण भनिन्छ । वेदका मन्त्रको व्याख्या अनेक विद्वानहरूले अनेक प्रकारले गरेका हुन्छन् । तीमध्ये मूल अर्थ थाहा पाउन ब्राह्मण ग्रन्थ पढ्नु आवश्यक छ । उदाहरणका लागि 'शतपथ ब्राह्मण' नपढी यजुर्वेदका मन्त्रहरूको आशय बुझिँदैन । 'ब्रह्म जानाति ब्राह्मण:' भन्नुको तात्पर्य पनि जसले ब्रह्म जानेको छ अर्थात् वेद पढेको छ, ज्ञानी छ, ऊ मात्रै ब्राह्मण हो भन्ने हुन्छ । ब्राह्मणको पुत्रले वेद नपढेको हुन सक्छ । वेद पढेको छैन या ब्रह्मका विषयमा ज्ञान छैन भने ब्राह्मणको पुत्र हुँदैमा त्यो ब्राह्मण हुँदैन । हामीले वेद पढेर ब्रह्मका बारेमा बुझेका छैनौँ भने हामी ब्राह्मणका सन्तति भए पनि वास्तविक ब्राह्मण हुँदैनौँ । (प्रा. डा. कृष्णचन्द्र शर्माको भनाइ)



# ग्लोबल बैंक सम्मानित, इज्जत बढ्यो

'युरो मनी अवार्ड फर एक्सलेन्स, २०२४' को दुई विधामा ग्लोबल बैंक सम्मानित भएपछि यसको इज्जत बढेको छ । अझ राम्रो सेवा दिने अपेक्षा गरिएको छ ।

ग्लोबल आइएमई बैंक लिमिडेटले 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२४' अन्तर्गत बेस्ट बैंक नेपाल र बेस्ट बैंक ईएसजी (वातावरण, सामाजीक र सुशासन) विधाबाट बिहीबार सम्मानित भएको हो । कार्यक्रम सिंगापुरमा भएको थियो । युरोमनी म्यागाजिनका प्रतिनिधिले बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल र प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीलाई उक्त अवार्ड हस्तान्तरण गरेका हुन् । सन् १९९२ मा युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अवार्ड मानिन्छ । ग्लोबल आइएमई बैंकले सेवा, बैंकिङ क्षेत्रमा भित्र्याएको नयाँनयाँ प्रविधि, वातावरणीय, सामाजिक तथा सुशासनका क्षेत्रहरूमा बैंकले गरेको लगानी तथा बैंकको उच्चस्तरीय कार्यसम्पादनका लागि यो अवार्ड प्रदान गरिएको हो ।


यो वर्षको अवार्डसँगै ग्लोबल आइएमई बैंक दोस्रो पटक बेष्ट बैंक नेपाल अवार्डबाट सम्मानित भएको हो । यसअघि पनि ग्लोबल आइएमई बैंकले 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२२- बेस्ट बैंक नेपाल' प्राप्त गरेको थियो । यस अघि पनि ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले अहिलेसम्म बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक अवार्ड २०२४ र बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरू प्राप्त गरिसकेको छ । ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो बैंक हो । बैंकका १,१०० भन्दा बढी सेवा केन्द्रहरू, जसमा ३५४ शाखा कार्यालय, ३८४ एटीएम, २५५ शाखारहित बैंकिङ सेवाहरू, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरहरू ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयहरू रहेका छन् ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स भित्र्याउने सुविधा दिँदै आएको छ ।

# मैजु महारानी



**अरूणबहादुर खत्री–**




अशोकनाथ तिवारीले लेखेको मैजु महारानी (ऐतिहासिक विषयवस्तुमा आधारित) कृति मेरो हातमा परेको छ । यो कृति मैले दोहोऱ्याएर पढे । २०८० फागुनमा प्रकाशित यो कृतिभित्र मैजु महारानीको जन्म, तिनताकाको उपत्यका, थकालीसँग भेट, षडयन्त्र लगायत विभिन्न शीर्षकका तेह्रओटा लेखहरू राखिएका छन् । मैजु महारानीको जन्म शीर्षकको पहिलो लेखमा नेपालमा शाह वंशको उदय भएपछि एक मात्र नेवार्नी जसले महारानीको पदवी पाइन् । तिनको विषयमा इतिहासमा केही कुरा खोजे तर कतै केही पनि पाइन । उनको जन्म कहिले भयो भन्ने बारे सोधखोज गर्दा केही तथ्य मैले भेट्न सकिन, केवल उनको पिताको नाम मात्र पाएँ । माताको नाम पनि मैले भेट्न सकिन भनेर तिवारीले लेखेका छन् । तिनताकाको उपत्यका शीर्षकभित्र तिनताकाको उपत्यकाको अवस्था हेर्न राजा यक्ष मल्ल सम्म पुग्नुपर्छ । राजा यक्ष मल्लले आफ्नो राज्य विस्तार गरेर ठूलो बनाए । यिनले जुन वीरता, साहस र सुयोग्यताको प्रमाण स्वरूप मल्ल राज्यको विस्तार गरे । जनताहरू अति खुसी थिए । यिनलाई प्रजारक्षक राजा पनि भन्न सकिन्छ भनेर लेखिएको छ ।

सांस्कृतिक रूपले विश्वकै ज्यादै सम्पन्न राजधानी र अमूल्य सांस्कृतिक सम्पदा प्रचूर मात्रामा पाइने काठमाडौं उपत्यकामा मनाइने इन्द्रजात्रा लगायतका सांस्कृतिक रूपले ज्यादै महत्वपूर्ण र उल्लेखनिय जात्रा, चाडपर्व आदि बारेमा पनि यस कृतिभित्र पाठकहरूले रोचक, पठनीय प्रसङ्ग पढ्न पाउने छन् । इतिहासकारहरूले अहिलेसम्म नलेखेको मैजु महारानी तत्कालिन समयमा महिला माथिको विभेद तथा उपत्यका विजयसँगै मल्ल राजाका आसेपासेबाट शाह राजतन्त्र कमजोर बनाउन षडयन्त्रको सुत्रपात भएको आफ्ना आँखैले देखे जसरी तिवारीले वर्णन गरेका छन् ।

यक्ष मल्लले तिन छोरा र एक छोरीलाई अंश दिन उपत्यका भित्रका भक्तपुर, ललितपुर, कान्तिपुर र वनेपा चार राज्य बनाएका रहेछन् । थकालीसँग भेट शीर्षकभित्र जहाँ नारीको कदर हुँदैन त्यहाँ लक्ष्मीको वास हुँदैन भन्ने कथन मल्ल कालमा हुबहु लागु भयो । यक्षमल्लको कालपछि मल्ल राज्यमा दिनप्रतिदिन दु:ख पिडा थपियो आर्थिक अवस्था जीर्ण हुदै गयो । आपसमा कलह बढेर ढुकुटी रित्तिदै गयो । गुठी मासेर राज्य खर्च व्यहोर्ने समेत स्थिति आयो । पासा खेल्न आउने देवि माथि कुदृष्टि लगाउँदा देवि आउन छाडिन । देवि रिसाउँदा विभिन्न दु:ख पिडा बढी राज्य समेतबाट हात धुनु पऱ्यो भन्ने बारेमा लेखिएको छ ।

उपत्यकाका साना साना राज्यहरूले पनि आपसी लडाइका कारण विदेशी शक्तिको आह्वान गरेर आफ्नो राज्य स्थिर गर्न खोजेका रहेछन् । मुगल र अंग्रेजसँग मिलेर वा तिनलाई आफ्नो राज्यमा राखेर बलियो बन्ने दिवा सपना देखेका थिए रे । तन्त्र साधना शीर्षकभित्र युवराजलाई गोदान गराए । त्यसपछि विधिपूर्वक संकल्प गराए । संकल्प ज्यादै कुटिल चालले कुटनीतिक रूपले भने म राजसंस्था दीर्घकाल परयन्त लैजाने प्रयोजनका लागि बलियो राजसंस्था प्रति बफादार मन्त्रीहरूबाट सुशासन देशमा चलाउने उद्देश्यले यो तन्त्र साधना गर्ने संकल्प गर्छु भन्ने कुरा संस्कृत भाषामा पढेर सुनाइएको छ । युवराजलाई उपत्यकाको संस्कार, गुठी जात्रा र संस्कृतिको ज्ञान गराउने इच्छा बडामहाराजामा भयो । त्यो अध्ययनको जिम्मेवारी अन्जानमै ती षडयन्त्रकारीमा दिइयो । तिनले त्यही अध्ययनका अवसरमा युवराजको कमजोरी पत्ता लगाएर नजानिदो रूपमा तन्त्र साधनामा उक्साय भन्ने कुरा अध्याय पाँचमा उल्लेख गरेका छन् । अध्याय दशमा तन्त्र साधना गरेको र त्यसको तयारी र कसरी षडयन्त्रकारीले ठूलो निगरानीका बीच पनि पत्तै नदिई तन्त्र साधनाको संकल्पबाट नै कालो खेल सुरू गरे भन्ने कुराको तिवारीले वर्णन गरेका छन् ।

युवराजको राजेन्द्रलक्ष्मीसँग भेट शीर्षकभित्र युवराजले तन्त्र साधना सकियो अब छुट्टिएर ब्रहमचर्यमा बस्नुपर्दैन भन्ने सुन्दा अति खुसीको क्षण भयो । भोलिबाट मेरो तपस्या सकिन्छ । यसको श्रेय मेरी प्यारी रानीलाई पनि जान्छ । उनले आफ्नो इच्छा मारेर पनि मेरो लागि साथ दिइन् भन्ने बारेमा लेखिएको छ । अधुरो साधनाको असर शीर्षकभित्र पण्डित पौडेल र गुभाजु डराउँदै दरबारबाट निस्के । अलि पर एकान्तमा पुगे पछि अब केही न केही सजाय पक्कै हुन्छ जस्तो छ । हामीले अब पूर्ण साधना गराएका छौं भन्ने कुरामा डग्नु हुदैन । त्यसले गर्दा सजाय केही कम हुन्छ । नत्र जिउधन हुन बेर लाग्दैन भन्ने कुरागर्दै हिंडे भनिएको छ ।

यस कृतिको अध्याय बाह्रमा अधुरो तन्त्र साधनाका के के असर पर्न सक्छ भन्ने कुराको वर्णन गरेका छन् र तेह्रौ अध्यायमा मैजुको विवाह र शेरबहादुरको जन्म र मैजुको सती गमनका बारेमा उल्लेख गरिएको छ । मैजुको विवाह र अन्तिम क्षण शीर्षकभित्र दरबारले साउत हेराई अमूक दिन मैजुको डोला भित्र्यायो । मैजुलाई आमाबाबु छाडेर जानुपर्दा पनि केही पिर परेन । उसलाई दरबारमा माया गर्ने मान्छे छन् । उसैसँग सुत्छु भन्ने भावना भयो । दरबारमा पहिले देखि गएको र त्यहाँका धाईहरूसँग माया बसेको थियो भनेर लेखिएको छ । अन्त्यमा अशोकनाथ तिवारीको अन्य कृतिहरू पनि प्रकाशित भएर हामीहरूले पढ्न पाउने बाचा गरेको छु ।

कृतिकार: अशोकनाथ तिवारी
कृतिको नाम: मैजु महारानी
प्रकाशक: हिमालय प्रतिष्ठान, काठमाडौं
संस्करण: प्रथम, २०८० फागुन ७

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
Gorkha Express Weekly
मंगलबार Tuesday
२०८१ असोज १, Sep. 17, 2024





| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# कुन पार्टी देशभक्त छ ?

नेपालमा सयौं पार्टी छन्, कुन पार्टी हो, जो देशभक्त छ ?

स्यालको सिङ् खोज्नु र दलहरूमा देशभक्त खोज्नु उस्तै उस्तै हो । ०४६ सालपछि अनेक दल दर्ता भए । अनेक दलले निर्वाचन लडे, अनेक दलका सरकारहरू बने । एकल दल, सामुहिक दलका सरकार पनि बने । ०६३ सालमा पद्धतिकै परिवर्तन भयो, लोकतन्त्र नामधारी यो पद्धतिमा पनि अनेक दलहरू छन् । तर प्रश्न छ, कुन दल देशभक्त दल हो ? कुन दल जनताले आपनत्व लिएको दल हो ? यसको स्पष्ट उत्तर दिन सकिन्न । कारण हरेक दलले देशघातक निर्णयहरू गरेका छन्, देशघातक दस्तावेजहरूमा ल्याप्चे लगाएका छन्, देशविरूद्ध व्यक्तिस्वार्थका पक्षमा आफूलाई उभ्याएका छन् ।

यसकारण सयौं पार्टी छन्, कुन पार्टी देशभक्त हो, भन्न सकिदैन ।

निर्वाचन जित्नु प्राविधिक रूपमा जनमत हो, जनबल हो । नेपालजस्तो अविकसित र अशिक्षित, अभाव र अन्याय बेहोरिरहेका जनतालाई सत्ता, शक्ति र सम्पत्तिको प्रभावमा पारेर निर्वाचन जित्ने गरिन्छ । यस्तो जितलाई जनताको जित भन्नु गलत हुनेछ । निर्वाचनका दिन लोभ, लालच, डरमा पारेर भोट लिन्छन् र त्यसपछिको ५ वर्ष पुर्पुरोमा हात राखेर पछुताउनु पर्ने पार्छन् दलहरू । यस्ता दल जो जनतालाई भ्रममा पारेर चुनाव जित्छन् र जनता तथा देशलाई धोका दिन्छन्, यस्ता पार्टीलाई देशभक्त भन्नुपर्ने बाध्यता छ । यथार्थ के हो भने देशका भूभाग सुरक्षित छैनन्, राष्ट्र भनेका जनता हुन्, जनता पीडामा छन्, अन्याय र अत्याचारमा छन् । सुशासन छैन, भ्रष्टाचार ब्याप्त छ, जुन पद्धति भ्रष्टाचारको नालीमा टाउको जोतेर चलेको छ, त्यस्तो पद्धति लोकतन्त्र हुनसक्दैन । नेपालमा यस्तै अलोकतान्त्रिक लोकतन्त्र छ ।

एउटा संविधान लेख्न ८ वर्ष लाग्यो, ३३ अर्बभन्दा बढी खर्च भयो । यो संविधान जारी भएको पनि १० वर्ष भइसक्यो, संविधान कार्यान्वयन भयो भनिन्छ, संवैधानिक शासन घडीको रालो हल्लिएझैं हल्लिरहेको छ । राजनीतिक स्थिरता दिन सकेको छैन, जता हेऱ्यो उतै भताभुङ्गको स्थिति छ । अराजकता र अस्थिरताका कारणले आर्थिक मेरूदण्ड भाँचिएको छ । उद्योगधन्दा, बन्दब्यापार चौपट छ । रेमिटान्सले बजेट धानेको अवस्था छ । यो अवस्थाको मुलुक भनेको असफल राष्ट्र हो । राष्ट्र सफल हुन राष्ट्रिय एकता र भावना दह्रो हुनुपर्छ । पानी पोखिएजस्तो छ राजनीति । उसै पनि राजनीति भत्किएको अवस्था छ भने भूराजनीतिको भूमरीमा राष्ट्र परिसकेको अवस्था छ । भूराजनीतिलाई सफलतापूर्वक सञ्चालन गर्नसक्ने सक्षम कूटनीति छैन । बिग्रेको देशको भत्केको घर..जस्तो अवस्था छ । यो दुरावस्थाबाट देशलाई पार लगाउन सक्ने नेतृत्व कुनै दलमा पनि छैनन् । दलीय ब्यवस्था छ, दलहरू अराष्ट्रिय, अराजनीतिक, असंसदीय, अनुशासनहीन, लोकतन्त्रका गरिमा र महिमा नभएका छन् भने त्यस्तो देश कसरी उँभो लाग्छ ? नेपालको अवस्था हरेक दिन उँधोगति, उँधोमतितिर अग्रसर छ ।

नेताहरूले चाहेजस्तो परिवर्तन गरे, जनताले साथ दिए । कुनै बाधा अड्काउ छैन । तर पार्टीनेतृत्व आफै धामी, आफै झाँक्री बनेका छन् । लोकतन्त्र ल्यायौं भन्छन्, परिवर्तन आफू, आफ्नो दल, आफ्नो परिवारमा सिमित राखेका छन् । देशभक्ति, जनताप्रतिको आशक्ति कुनै दलमा पनि छैन । हरेक दल पैसा कमाउने, चुनाव जित्ने र सर्वाधिकारवादी हुने मार्गमा अभ्यस्त हुनथालेका छन् । यहीकारण हो, परिवर्तन भयो, परिवर्तन पार्टीका लागि भोजभत्तेर बन्यो, पर्व बन्यो, रमाइलो भयो, आमजनताका लागि कौवालाई बेल पाक्यो, हर्ष न बिष्मात्को अवस्था कायम छ ।

पार्टीहरू देशभक्त छैनन्, किनकि कुनै पार्टीले देशप्रति सच्चा चिन्ता र चासो राखेको पाइन्न । यसरी त देश वर्षे पहिरो, हिउँदे पहिरोमा पर्दैजाने खतरा बढ्दो छ । अब पनि सचेत नहुने हो भने जनता उठ्नुपर्ने भयो ।

# यो नेपाली शीर उचाली... यस्तो युद्धगीत हरायो




नेशनल युनिटी पार्टी, हाइटीको 'बेबी डक' जीन क्लाउड दुभालियर जसले १९७१ देखि १९८६ सम्म १५ वर्ष हाइटी र जनतालाई लुट्नुसम्म लुटे । अन्ततः जनताको बिद्रोहबाट तर्सेर उनी देश छाडेर भागे । फ्रान्समा समेत उनीमाथि मानवाधिकार उल्लंघन गरेको आरोप लागेपछि उनी हाइटी फर्कन बाध्य भए । हाइटीमा मुद्दा चल्यो । जेल गए । अन्ततः उनी जेलमै मरे । आज पनि हाइटी र विश्वजगतमा दुभा भनेर घृणा गरिन्छ ।

हाइटी जे जसरी असफल हुनपुग्यो, जे जस्ता कमजोरीहरू थिए, ती सबै कमजोरी नेपालमा बिद्यमान छन् । दुभालिएर र नेपालका पार्टी नेता तथा ठूला प्रशासकहरूको अनुहार मिल्दोजुल्दो छ । नेपाल असफल हुने कि असफलताको भीरबाट सुरक्षित उद्धार हुने, यही दोबाटोमा उभिन पुगेको छ । नेतृत्व सचेत हुनसकेन भने आमनागरिकले बिद्रोह गर्नेछन् र अस्तित्व बचाउने छन् । यसको बिकल्प छैन अब ।

हाइटीका दुभालिएर र नेपालका दुर्नामहरू उस्तै उस्तै छन् । बाघ अनुहार पर्दैमा बिरालो बाघ हुनसक्दैन । ऐन मौकामा बिरालो गर्जदैन, आवाज निकाल्दा म्याउ नै गर्ने हो ।

१९९७ सालमा सहिद भएका थिए शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठ । यिनले राष्ट्रका ज्यान दिएका थिए, त्यसैले यिनीहरू असली सहिद हुन् ।

यसपछि एकाध सहिद छन्, जसले देशका लागि ज्यान परित्याग गरे । भीमदत्त पन्त पनि किसान सहिद हुन् । तर लोकतन्त्रले सहिद भन्नासाथ १० लाख दिने नीति बनाएपछि पार्टीहरूले जड्याहलाई पनि सहिद बनाए । अहिले नेपालमा १४ हजारभन्दा बढी सहिद छन् । यत्तिका सहिद हुन्छन् र ? नेपाल छन् । १० लाखे सहिदहरू कति कति ?

९ वर्ष अघि कञ्चनपुरमै गौतम गोविन्द भन्ने युवा भारतीय सीमा अतिक्रमणको खिलाफमा उभिएका थिए, अतिक्रमण गर्न पाइन्न भन्दै थिए, भारतीय सैनिकले मारिदियो । समाजवाद हाम्रो लक्ष्य हो भन्ने शासकले १० लाख क्षतिपूर्ति दिएर भारतीय सैनिक अतिक्रमणको पक्षपोषण गरिदियो । सर्वहारा, किसान बर्गको हितकारी हामी हौं भन्ने कम्युनिष्टहरूले चुँइक्क बोलेनन् । स्वाधीन भए पो बोल्नु, पराधीनहरूसँग आफ्नो बोल्ने कुरै हुँदैन । जिब्रो तालुमा टाँसिएपछि बोल्न सके न बोल्नु ?

जो लडे, सुगौली सन्धि अघि लडे । १८१६ को सुगौली सन्धिपछि को लड्यो राष्ट्रका लागि ? को बन्यो देश बोक्ने असली सिपाही ? को देखियो राष्ट्रको बफादार ? सुगौली सन्धिपछि पनि नेपालीहरू अंग्रेजको नोकरी गर्न थाले, तिनलाई सलाम ठोक्न थाले । बहादुर हुन थाले, हस् साब भन्न थाले ।

हस् साब भन्दा भन्दै २३ जिल्लाका ६६ ठाउँमा सीम अतिक्रमण गरेर भारत बिस्तार भयो । ५ वर्षअघि कालापानी, लिपुलेक, लिम्पियाधुरा भारतको नक्सामा मिसाइयो, नेपाली बोलेनन् । हो, नक्सासम्म जारी गरे, नक्सा नेपालसित, भूगोल भारतसित ।

संविधान लेखियो, संविधानमा चुच्चे नक्सा नै गायब थियो । त्यो नक्सा पास गर्ने संविधानसभाका २४० निर्वाचित, ३३५ समानुपातिक र २६ जना मनोति गरी ६०१ सांसद थिए, तिनीहरू राष्ट्रघाती थिए, तिनीहरूमाथि कुनै कारवाही भएन । अतिक्रमण गर्न छुट दिएपछि, अतिक्रमण गर्न दिनुहुन्न भन्ने नागरिकलाई मार्न थालेपछि, मारेकोमा नेतृत्व मौन बसेपछि भारतले हेप्छ । हेपिरहेको छ ।

नेपालले अतिक्रमित भूमि नेपालको हो भनेर फिर्ता ल्याउन सकेन । सक्नलाई प्रयत्न हुनुपऱ्यो, नेपालले प्रयत्न नै गरेन । नेपाली एक छन् तर सत्ता र शक्तिमा भएका जो कोही पनि नेपालको पक्षमा बोल्दा भारत बिरोधी भन्छन् भनेर बोल्दैनन् । देशको स्वाभिमान, स्वाधीनताका बारेमा नबोल्ने व्यक्ति कसरी नेपालको नेता हुन्छ ? देश हाँक्ने शासनमा आसन जमाउनेहरू भारतका पाउमा लम्पसार परेपछि, हेप्छ । हेप्नु स्वभाविक हो ।

प्रधानमन्त्री भारत गए, कुरै झिकेनन् । परराष्ट्रमन्त्री भारत गए, बोल्नै सकेनन् । भारतका परराष्ट्रमन्त्री, सचिव नेपाल आए, चाकरी गरेर पठाए । नेपाल भारत दुबै मिलेर प्रवुद्ध समूह गठन गरे, त्यो रिपोर्ट न नेपाल सरकारले बुझ्यो, न भारतले । भारतको आरोप छ, त्यो गोप्य रिपोर्ट कतिपय नेपालीको पहुँचमा पुग्यो, एक सदस्यले चीनलाई समेत बेचिदिएका थिए । यस्तो शंकास्पद रिपोर्ट भारतले कसरी बुझ्छ ? नेपालले कूटनीतिक प्रयास गर्नुपर्ने हो, गर्नैसकेन । नेपाल आफ्नै राजनीतिक रण्डखालमा रमिरहेको छ । त्यसमाथि विश्व शक्तिहरू नेपाललाई खेल मैदान बनाइरहेका छन् ।

अर्थात् नेपालको संचित सामर्थ्य खस्क्यो, कूटनीतिक ताकत समाप्त भयो । नेपाल खोक्रिदै गएको छ ।

अब राष्ट्रसंघको बैठकमा सहभागी हुन प्रधानमन्त्री अमेरिका जानेछन् । हुनसक्छ, भारतका प्रधानमन्त्रीले भेटै नदिउन् । वास्तै नगरून् । यद्यपि ल्याकत भए भारतका प्रधानमन्त्रीसँग भेट हुनसक्छ, नेपाल भारतवीचका समस्यामा कुरा हुनसक्छ, सार्क र अन्य मुद्दाहरूमा वार्तालाप भएर थप निकास खुल्न सक्छन् । राजनेता हुन ढाडमा हाड चाहिन्छ, क्षमता चाहिन्छ । राजनीति र कूटनीतिमा दक्षता चाहिन्छ । त्यस्तो दक्ष नेता भएनन् । भएकाले सुझाव दिएनन् । चाकरलाई भेट दिएर समय किन खेर फालिरहन्छ र भारतले ?

बाघको अनुहार पर्दैमा बन बिरालो कहिल्यै बाघ हुँदैन भनेको यही हो ।

हाम्रा नेताहरू बाघ होइनन् । जसोतसो चुनाव जित्ने संसदमा गएर लुट्ने, नसक्नेलाई मनोनित गरिदिने, श्रीमती, छोरी, ज्वाई पोस्ने, सांसद बनाउने र बाँकी कार्यकर्ताले देश लुट्ने ? यो बनबिरालो चरित्र हो । जो चुनाव हार्दा पनि प्रधानमन्त्री खान्छन्, जनताले लत्याउँदा पनि जस्केलाबाट सांसद बन्छन्, मूल्य तिरेर सांसद किन्न पान्छन्, पैसामा संवैधानिक पदमा नियुक्ती लिन्छन् । लोकतन्त्र होइन लूटतन्त्र भनेको यही हो ।

सार्वभौमिक अधिकारका लागि दिल्ली सम्झौताको विरूद्ध ००७ सालमा डा. के. आई. सिंहले बिद्रोह गरेका हुन् । मातृकाप्रसाद कोइरालाका अनुसार नेपालको अनुमति नै नलिई दुईपल्ट भारतीय सेना नेपालमा पस्यो । भीमदत्तको हत्या भारतीय सेनाले गरेको हो । तिनै मातृकाले केही गर्न सकेनन् । भीमदत्तलाई मारेपछि भारतले कसैलाई नेपाली राष्ट्रवादको प्रतीक भएर उठ्नै दिएन । भीमदत्तपछि महेन्द्रले राष्ट्रवादी युद्ध लडे, अरू कसैले सकेनन् ।

नालापानीको युध्द लड्दा युध्द मैदानबाट गुञ्जिएको थियो : 'यो नेपाली शिर उचाली...' भन्ने युद्धगीत । यो गीत लोकतन्त्रले प्रतिगामी सूचीमा राखेको छ, रेडियोमा बज्दैन । अन्य विदेशी र भारतको दास बनिसकेको नेपाली राजनीतिको मूलनीति भारत भक्ति हो ।

२०६३ सालदेखि क्यावात् प्रचण्ड, देश र जनताको ठूलो नेता भनेर प्रशंसा गरिन्थ्यो । उनले पनि नेपालको झण्डा छाडेर उही तिरङ्गा रङ्ग देखाए । कहिले उत्तर त कहिले पश्चिमतिर लहसिए । कुनै पनि पार्टीभित्र नेपालवाद बलियो देखिन्न । जो नेपालवादी छ, उसलाई मदन भण्डारी अथवा राजा वीरेन्द्रको नियतिमा पुऱ्याईन्छ भनेर पटक-पटक प्रचण्डले आफै अभिव्यक्ति दिएको सुनियो । यस्ता कायर पनि होनहार नेता भए, नेतृत्वमा पुगे, अहिले सडकछाप अवस्थामा पुगेका छन् ।

राष्ट्रका लागि स्वाभिमान भएको चारजना नेता पाउन गाह्रो भयो । नेता स्वाभिमानी नभएपछि राष्ट्र पराधीन हुनेरहेछ । बिस्तारवाद र साम्राज्यवाद सबैभन्दा बढी बिरोध हुने देश विश्वमै नेपाल होला । तिनै शक्तिको पोखरीमा बिहानीको मुख धुने र रातिको मुख चुठ्ने नेता भएको देश पनि नेपाल नै पहिलो हो । कस्तो दर्भाग्य ।

१८ वर्षमा प्रष्ट भयो- जनक्रान्ति, जनआन्दोलन यी सबै परिवर्तनहरू भारतकै उचाल्ने र पछार्ने रणनीति अन्तर्गतका परिघटना रहेछन् । नेपालमा भुँडीबादमात्र छ । खन्चुवाहरू खानकै लागि राजनीति गरिरहेका रहेछन् ।

२०१७ सालमा राजा महेन्द्र माटोमाथि उभिएका थिए, उनलाई पनि २०२८ सालमा भारतकी प्रधानमन्त्री इन्दिरा गान्धीले टेलिफोनबाट धम्क्याएर तर्साइयो र हर्टएटेकको सिकार हुनुपऱ्यो । यो रहस्य कीर्तिनिधि बिष्टले पनि नखोली गए । त्यसपछि राजा वीरेन्द्रले फुकी फुकी कदम चालेर स्वाभिमान जगाउँदै थिए, अन्ततः २०४६ सालमा एक झट्का खाएर पनि बााचेका वीरेन्द्रलाई २०५८ सालमा दरवार हत्याकाण्ड मच्चाएर बंशै समाप्त पारियो । दोष नलागोस् भनेर खामोस खाएको भारतले जनयुद्धलाई जनआन्दोलनमा मिसाएर छुरा र चुपीबाट तरवार बनायो र २०६५ साल जेठ १५ गते राजतन्त्रलाई बली चढाइदियो ।

जनआन्दोलनबाट जन्मेका जति नेता छन्, सबै भिजेको परालखुट्टे लाग्छन् । जो छन्, देखिने भारतवादी छन्, नदेखिने विदेशवादी छन् । वीपी छादै जयप्रकाश नारायण भन्ने गर्थे- नेपाली नेताहरू किन दिल्ली धाउँछन्, दिल्लीलाई चाकरी गरेर दिल्लीमुखी बन्न लालायित हुन्छन् ? आश्चर्य लाग्छ ।

भारतका नेता बिजय जोलीले भनेका थिए- नेपालका नेताहरू नै गुहार मााग्छन् त हामीले के गर्ने ? यसकारण नेपाली माटो संकटमा छ । माटो बााचे, नेपाली जाति बााच्ने हो । नेपाली माटोले स्वाधीन नेता मागिरहेको छ ।

# पाकिस्तानमा बौद्ध सम्पदा संरक्षणबारे अन्तर्राष्ट्रिय सम्मेलन



केही हप्ताअघि मुस्लिम मुलुक पाकिस्तानमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न भएको छ । यो सम्मेलनको समापनमा पाकिस्तानका प्रधानमन्त्रीले नै बौद्ध विद्वानहरूलाई भेटेर बौद्ध सम्पदाको संरक्षणमा विचार आदानप्रदान गरेका थिए । यति महत्वपूर्ण घटनालाई नेपालले महत्व दिएन ।

नेपाल बुद्ध जन्मथलो हो । बुद्ध विश्व विभूति हुन् । नेपालले खासै महत्व नदिए पनि पाकिस्तानले महत्व दियो र छलफलमा बौद्ध सम्पदाका विद्वान एवम् बौद्ध परम्परावादीहरूले बुद्धसँग जोडिएका साझा सम्पदाको संरक्षण गर्दै शान्ति र समृद्धिका लागि नयाँ पुस्तामा ज्ञान हस्तान्तरण गर्नुपर्नेमा विशेष महत्वका साथ जोड दिइयो ।

पाकिस्तानको परराष्ट्र मन्त्रालयले 'गान्धार टु द वर्ल्ड' शीर्षकमा दुई दिने अन्तर्राष्ट्रिय सम्मेलन गराएको हो । यो सम्मेलनमा बौद्ध सम्पदाका अध्येताहरूको सहभागिता थियो र सबैले बौद्ध परम्पराको विकासमा शान्ति र समृद्धिको नयाँ आयाम खोज्नुपर्नेमा विशेष जोडबद लगाएका थिए ।

बौद्धविज्ञ भन्छन्- पाकिस्तानको गान्धार क्षेत्र बौद्ध परम्परालाई महायान बौद्ध परम्पराको जन्मस्थल मानिन्छ । यही क्षेत्रमा प्राचीन तक्षशिला विश्वविद्यालय पनि रहेको थियो, जसलाई अहिले टक्सिलाको नामबाट चिनिन्छ । यति महत्वपूर्ण थलोमा बौद्ध सम्पदाका बारेमा सम्मेलन हुनुलाई महत्वपूर्ण मानिएको छ ।

यो सम्मेलनमा उपस्थिति विज्ञहरूले भनेका छन्- बौद्ध परम्पराको विकास गर्दै शान्ति र समृद्धिको आयाम खोज्ने क्रममा दक्षिण एसिया र अन्य मुलुकमा रहेका प्राचीन बुद्ध सम्पदाको एकीकृत परिपथ सञ्चालन गर्नुपर्छ ।

बुद्ध नेपालमा जन्मेका हुन् भन्ने युनेस्कोले प्रमाणित गरेपछि पाकिस्तानका पुरातत्वविदहरू लुम्बिनी भ्रमणमा आएका थिए । उनीहरूले प्राप्त सबै प्रमाण केलाएपछि बुद्ध नेपालमा जन्मेका हुन्, यसमा अब शंका छैन भनेका थिए ।

ती पुरातत्वविदले बताएका छन्- बुद्धको जन्मस्थल नेपालको लुम्बिनी र गान्धारको सम्बन्ध स्थापना गर्दा अरू पनि बौद्ध सम्पदाहरूको संयोजन हुने विश्वास गरिएको छ । गान्धारको बौद्ध सम्पदा युरोप र चीनसँग सम्बन्ध स्थापना गर्ने गेटवेका रूपमा पनि विकास गर्न सकिन्छ । प्राचीन रेशम मार्ग र ग्रिसेली परम्पराको बौद्ध मूर्तिकला गान्धारको विशेषता हो । यही क्षेत्रमा गौतम बुद्धको पहिलो मूर्ति कुँदिएको र बौद्ध मूर्ति परम्पराको विकास भएको पनि बौद्धविज्ञहरूको विश्वास रहेको छ ।

यसकारण गान्धारक्षेत्रको महत्व छ, विश्वको चासो रहेको युनिभर्सिटी अफ टेक्सास, अस्टिनका वरिष्ठ अनुसन्धानकर्ता नदिम ओमार तरारले बताएका छन् । 'हामीले यी सबै कुराको प्याकेज बनाएर विश्वलाई देखाउनुपर्छ,' बुझाउनु पर्छ,उनले भने । श्रीलंकाको बौद्ध शासन, धार्मिक मामिला तथा संस्कृतिमन्त्री विदुरविक्रम नाइकेले बौद्ध सम्पदाको एकीकृत विकास र भावी पुस्तामा हस्तान्तरणका लागि कार्ययोजना बनाउनुपर्ने र त्यसमा विगत, वर्तमान र भविष्यमा आधारित भएर एकत्रित कार्य गर्नुपर्ने बताए ।

# सरकारको छलखेल र प्रकृतिको पुकार



**बाबुकृष्ण कार्की**
**सहायक रथी (अप्रा)**

अहिले प्रकृति धुरूधुरू रोइरहेको दुर्दशा छ । धेरै रोएर आँसु सकिएको छ । झरीले भन्दा पीडाका आँसुले प्रकृति रूजेको छ, भिजेको छ । उस्तै स्तब्ध र पीडाले ग्रसित छन् प्रकृति र संरक्षणप्रेमी अध्येता, अनुसन्धाता एवं बिज्ञहरू ।

झन् ठूलो पीडामा छन् संरक्षणका खातिर जीउ ज्यान नभनी अहोरात्र अग्रपंक्तिमा खट्ने निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र बन क्षेत्रमा खट्ने संरक्षणकर्मीहरू ।

प्रकृति संरक्षणमा आफ्नो जीवन समर्पण गरेर प्रकृतिको पुजामा तल्लीन अग्रजहरू र हिजो संरक्षणका खातिर आफ्नो थात्थलो छाडेर विस्थापित भएका स्थानीय एवं आदिबासीहरू झन् कति दुःखी होलान् यो प्रकृतिविरोधी संरक्षणविरोधी र जनविरोधी धोकाको खेल थाहा पाएको दिन ।

नेपालको प्रकृतिलाई माया गर्ने र संरक्षणमा इमान्दार सहयोग गर्ने विश्व संरक्षण समुदाय कति निरास होला नेपालको केटाकेटी खेल र धोका देखेर । संरक्षणका खातिर जीवन बलिदानी दिने दुई सय बढी संरक्षण सहीदहरूको आत्माले कति श्राप देला यो छल खेललाई ।

प्रकृतिको रक्षा कल्याण सम्मान नगर्ने पशुश्राप लागेको मुलुक कहिले उभो लाग्दैन भन्ने ध्रुवसत्यलाई लत्याएर हामी पुग्न खोजेको गन्तब्य कहाँ हो र अवोध पशुश्रापले सन्तान दरसन्तानलाई पिर्छ भन्ने कुरालाई हामीले किन आत्मसात् नगरेको हो ।

यही छलखेलको अन्तर्यमा भएको चलखेललाई उजागर गर्दै प्रकृतिको अन्तिम रक्षाकवच सम्मानित सर्वोच्च अदालतको बचाउ फैसला र प्राकृतिक न्याय कुरेर बसेकी पीडित प्रकृतिलाई मलमपट्टी लगाउन यो आलेख पस्किएको छु ।

छलखेलको अन्तर्य भित्रको अन्तरंग

निकुञ्ज निल्ने ब्यापारिक बिचौलियाहरूको गुप्त चलखेलबाट उदाएका ब्यापारिक घरानाका बन तथा वातावरण मन्त्री डा. बीरेन्द्र महतोले निकुञ्जका काठ निकाल्ने र बाघ मारेर समृद्धिमा पुग्ने भाषणले राष्ट्रिय अन्तर्राष्ट्रिय संरक्षण समुदायलाई स्तब्ध बनायो । ब्यापक बिरोध भयो । उनी रोकिएनन्, फटाफट अगाडि बढे । अन्तर्राष्ट्रिय संरक्षण साझेदार संघ-संस्थालाई डिक्टेट् गर्छु र खोई पैसा? भन्दै सातो खाइरहे । हात्ती लखेटर मृगहरू तर्साउन, तहलाउन सचिवलाई हटाए । अवरोध गर्ने सहसचिव, राष्ट्रिय निकुञ्ज विभागका डिजी हटाएर आफू अनुकूलका मान्छे भर्दै गए । अँधेरो कोठामा मण्डी ओढेर निकुञ्ज खाने ड्राफ्ट लेखियो । निकुञ्ज ऐनले नचिन्ने छिनमा नयाँ कार्यबिधि छिनमा कार्यनीति भन्दै निकुञ्जमा लगानी सहजीकरण गर्ने अध्यादेश ल्याए, संरक्षण दुनियाँलाई गुमराहमा राखेर ।

राय संकलनका केही नाटक गरेतापनि बिज्ञबाट प्राप्त रायले कालो ड्राफ्टको एउटा अक्षर पनि फेरबदल गर्न सकेन ।

राय रद्दिको टोकरीमा गयो । बन तथा वाताबरण मन्त्रालयको संबेदनशील एजेण्डालाई चोर बाटो उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयबाट छल प्रस्ताव गरेर प्रतिनिधिसभा र राष्ट्रियसभामा दफावार घनिभूत छलफलको नाटक रचेर राष्ट्रपतिद्वारा प्रमाणीकरण गराई कानुन संशोधनको एउटा दुखद् प्रक्रिया पूरा भएको छ ।

अबोध प्रकृति र हिजो निकुञ्ज बिस्तारलाई सहयोग गर्न विस्थापित भई बाहिर जाने स्थानीयको जिज्ञाशा त्यही नेपाल सरकारलाई फेरि अतिसंवेदनशील क्षेत्रभित्र उही निकुञ्ज मै नेताका साली, भान्जा-भान्जीको कवाडी होटलहरू किन चाहियो ?

कत्रो विडम्बना र कति दुर्भाग्यपूर्ण कुरा! यही छल कानुन हो; प्रकृति माथिको बलत्कार र प्रसव पीडा । सलाम र उच्च सम्मान छ यो कानुन खारेजीको माग गरी सर्बोच्चमा रिट हाल्ने प्रकृति र संरक्षणप्रेमी न्यायमूर्तिहरूलाई ।

ब्यापारीको चंगुलबाट आएका अपरिपक्व, अव्यवहारिक, अभद्र, असंस्कारी मन्त्रीको राजिनामा आउने वा मन्त्री हेरफेर हुने आशामा संरक्षणप्रेमी कर्मचारी र प्राविधिकहरू धुप हालेर बसे । हामी संरक्षण सरोकारहरूलाई धोका हुँदैन ढुक्क हुनु भनेर डिजी र सचिवहरूले छल गरिरहे । निकुञ्ज बिभागका डिजी बाघका कार्यकारी संरक्षक, अभिभावक र न्यायाधीश हुन् । उनले आफूले खाएको थालमा फोहोर गर्लान भनेर बिज्ञ तथा पूर्व डिजीहरू र सचिवहरूलाई पत्यार पनि भएन । सत्य असत्यको पछि पछि यसरी लतारिएला र लम्पसार पर्ला भन्ने अनुमान कसैले लगाउन सकेनन् ।

यति छिटो त्यति घिनलाग्दो छलकपटले कानुनको रूप लिइहाल्ला भनेर हामी कसैले पत्याएनौं । वन मन्त्रालयमा जरा किला गाडेर बसेको बिचौलिया तस्करको संजालले लगानी बोर्ड सम्मेलनको मौकामा चौका हान्दा सबै हेरेको हेर्‍यै भइयो ।

तस्करहरूको सुनियोजित र सावधानीपूर्वक सेटिङमा मुलुक चलेको एउटा ज्वलन्त कालो उदाहरण । प्रतिनिधिसभा, राष्ट्रियसभा र राष्ट्रपति समेत थपना भएको र तस्करहरूसँग नतमस्तक भएर लतारिएको अक्षम्य कलंक । हिजो बाघ संरक्षणमा सहयोग गर्ने बिश्व बैंक आज ब्यापारीलाई लगानी गरेर बाघको बास्थान मास्न किन उकासिरहेको छ? बिश्व बैंकको उल्टो बाटो र अपत्यारिलो बिवादास्पद छवि । इतिहासमा प्रकृति यति धेरै हेपिएको पेलिएको र एक्लिएको कहिल्यै थिएन ।

निर्लज्ज नौटंकी

अधेरोमा गरेको ड्राफ्टको काइते अनेकर्थी भाषा नग्न छ, जग हँसाउने छ । ५२ बर्ष पुरानो राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन २०२९ को दफा ५ मा उपदफा ५ (क) झुण्ड्याएर राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षणक्षेत्र भित्र नेपाल सरकारले आवस्यक ठानेमा अर्को अतिसंबेदनशील क्षेत्र तोक्न सकिने छ भनेर खेलाची गरिएको छ ।

जब कि नेपाल सरकारको त्यही ऐनले २ (क) मा स्पष्ट परिभाषित गरेको छ कि अतिसंवेदनशील क्षेत्र भन्नाले संकटापन्न वन्यजन्तु र बनस्पतिको संरक्षण, बिकास र ब्यवस्थापनको दृष्टिकोणले महत्वपूर्ण स्थल, बन्यजन्तुको प्रमुख बासस्थान, रामसारमा सूचीकृत क्षेत्र वा ऐतिहासिक साँस्कृतिक वा बैज्ञानिक महत्वको नेपाल सरकारले तोकेको क्षेत्रलाई मान्नु पर्दछ ।

दफा ६ को उपदफा (१) पछि तुर्लुङ अर्को (१) क थपेर दफा ५ (क) बमोजिम तोकिएको अतिसंवेदनशील क्षेत्र बाहिर प्रकृति र मानव सह-अस्तित्व कायम हुने गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना र राष्ट्रिय गौरवको आयोजना संचालन गर्न नेपाल सरकारले स्वीकृत दिन सक्ने छ भनिएको छ ।

र, पूर्वाधार भन्नाले सडक, पक्कीपुल, नहर, खानेपानी, रेलमार्ग, हेलिप्याड्, सुरूङमार्ग, विद्युत आयोजना, प्रसारण लाइन बितरण, केवलकार, होटल आदि तस्करलाई चाहिने सबै गोलमटोल हालिएको छ ।

प्रकृतिको चरम दोहन र लुटपात्को उदाहरण चन्द्रागिरिलाई हेरे पुग्छ । के पाए चन्द्रागिरि संरक्षण गर्ने भुइँका विपन्न जनताले? के पायो राष्ट्रिय ढुकुटीले? र, कति नोक्सान भयो अमूल्य प्राकृतिक सेवाको? अध्ययन अनुसन्धान र खोजी गर्न जरूरी छ ।

अब प्रकृति लुट्का चन्द्रागिरि मोडलहरू तीब्र फूलमाला लगाएर निकुञ्ज भित्र छिर्ने भए । एउटा तस्कर चितवन, अर्को सगरमाथा र अर्को बर्दियामा आ-आफ्नै खोलो र हाइड्रो, आ-आफ्नै युरोपले फ्याँकेको थोत्रे केवलकार, आ-आफ्नै होटल, आ-आफ्नै हेलिप्याड आ-आफ्नै सडक लिएर ।

आफैं लगानी बोर्डमा, आफैं सरकारमा, आफैं ठेकेदार भएपछि निकुञ्जमा तैनाथ राष्ट्रिय सेनालाई निःशुल्क गार्ड राखेर निकुञ्जको निजीकरण गर्ने घोर निन्दनीय छल हो यो नग्न मोडल । ब्यापारमैत्री भए बासी पाउरोटी दिएर फकाउने ब्यापारअमैत्री घाँडो भए निकुञ्जबाट सेना नै हटाउने र एक छत्र राज गर्ने अर्को नग्न कुनियत छ यो मोडलभित्र । बिश्व सम्पदा सगरमाथाको क्वाङ्दे कप्लक्क खाएपछि तस्करहरूको मनोबल आकासमा पुगेको छ । एकजना ब्यापारी नीति निर्माताले नाम गोप्य राखिदिने शर्तमा सोझै र ढुक्कसँग भने- “जनप्रतिनिधिहरूलाई प्रकृतिको ज्ञान ध्यान छैन । जसलाई छ तिनलाई भोज र मोजले लठ्याइएको छ । सबैको स-परिवारको विदेशी आइडी छँदैछ । यहाँ पद पैसा र भोज मोजको रंगीन क्षणिक बसिबियालो मात्र हो । जनता, शिक्षक, बिद्यार्थी, वार्डेन हाम्रै दलका कार्यकर्ता हुन् । सोझो सेना हामीले जसो भन्यो त्यसै कसो नगर्ला ?”

कालिदास सरकार

उदेक लाग्छ, सरकार किन रूख माथि बसेर फेदमा बञ्चरो प्रहार गरिरहेको छ ?

निकुञ्ज आरक्ष पूरै अतिसंबेदनशील क्षेत्र हो । त्यहाँभित्र अर्को अतिसंवेदनशील क्षेत्र भन्ने अन्तर्राष्ट्रिय अभ्यास छैन र त्यहाँ गएर बाघ गैंडा बसिदिँदैन ।

सोझै स्थानीय जनता लाभान्वित हुने गरि बिकासको मूल बफरजोनमा फुटाए भैगयो । बफरजोन अवधारणाको अपेक्षा पनि त्यही हो । ठिक १५ बर्ष अगाडि सरकारले निश्कर्ष निकाल्यो कि चितवन निकुञ्ज भित्रका ७ वटा होटलहरूले बाघ र गैंडाको अतिसंबेदनशील क्षेत्र (कोर एरिया) लाई बाधा-ब्यबधान, बिनास गरे ।

टाइगरटप्स जस्तो संरक्षणमा सम्झौता नगर्ने, बाघ संरक्षणको अगुवा र खम्बा, स्थानीय समुदायको उत्थान र बिकासमा समर्पित उच्च श्रेणीको विश्वस्तरीय पर्यटक ल्याउने र खुशी पारेर पठाउने संस्थालाई समेत निकालियो ।

निकालिएका सबै होटलहरूले सरकारको निर्णयलाई स्वागत गर्दै बफरजोनमा होटलहरू खोलेर पर्यटकलाई सेवा र संरक्षणलाई टेवा दिईरहेकै छन् । अहिले चितवन, पर्सा, बर्दियामा हाइइण्ड पर्यटकलाई पर्याप्त होटल सेवा अतिसम्बेदनशील क्षेत्रबाहिर बफरजोनमा अपरेशनमा आइसकेका छन् ।

सगरमाथा, लाङटाङ, अन्नपूर्ण जस्ता बिश्व प्रशिद्ध ट्रेकिङरूटमा होटलको खाँचो छैन । डोल्पा, रारा, खप्तड, शुक्ला, मकालुबरूण, मनास्लु, गौरीशंकरको बफरजोन होटल रिसोर्ट लगानीलाई न्यानो स्वागत गर्न प्रतीक्षारत छन् ।

अबोध प्रकृति र हिजो निकुञ्ज बिस्तारलाई सहयोग गर्न विस्थापित भई बाहिर जाने स्थानीयको जिज्ञाशा त्यही नेपाल सरकारलाई फेरि अतिसंवेदनशील क्षेत्रभित्र उही निकुञ्ज मै नेताका साली, भान्जा-भान्जीको कवाडी होटलहरू किन चाहियो ?

जवाफ प्रष्ट छ-ती बिस्थापित स्थानीय र बाहिरका होटलसँग द्वन्द्व बढाउन । बाघ गैंडा हात्ती बाहिर लखेटेर मानव-बन्यजन्तु द्वन्द्व बढाउन । बिखण्डित बन्यजन्तुको बासस्थालाई अरू विखण्डन र ध्वस्त बनाउन । बिश्व सम्पदाबाट निकुञ्जलाई बेइज्जतीपूर्वक हटाई माग्न ।

घोडेपानीमा हिम्मतिला संरक्षणप्रेमी युवाहरूले निराश भएर आक्रोश पोख्दै थिए- आज लाली गुँरासघारी फाँडेर केवलकारका खम्वा गाडिँदै छ । हामी भुँईको पर्यटन मासेर आकासे पर्यटन टुलुटुलु हेरेर बस्ने छैनौं । केवलकारका लठ्ठा काटिरहने छौं ।

संसारमा धेरै उदाहरण छन् वाताबरणविरोधी आयोजना र लगानीहरू बन्द र ध्वस्त भएको । गोदाबरी मार्वल उद्योग र चितवनका ७ होटलको कन्तबिजोग आँखा अगाडिका ताजा उदाहरण हुन् । भोलि झोलमा डुबेर मर्ने लगानी गर्नु हुँदैन ।

एकातिर २३.३९ प्रतिशत संरक्षण क्षेत्रलाई वर्तमान प्रधानमन्त्रीले सन् २०३० भित्र ३० प्रतिशत पुऱ्याउने अन्तर्राष्ट्रिय कबोल गर्ने । अर्कोतिर आफ्नै प्रधानमन्त्रीलाई खाल्डामा हाल्ने गरेर भएको संरक्षण क्षेत्रमा कवाडी ब्यापार हालेर खण्डीकृत गर्ने कति हास्यास्पद र बिवादास्पद कुरा! यो कालो कलंकले नीति निर्माताहरूलाई ५० बर्ष पिरोल्ने छ ।

५० वर्ष पुरानो संरक्षण खम्बा नेपाली सेनासँग खोइ राय लिएको? जसले विभिन्न कठिनाइका बाबजुद यो पवित्र सेवामा १० प्रतिशत फौज योगदान गर्दै आएको छ । बिज्ञहरूको भनाइ सापटी लिँदा नेपाली सेनाको सुरक्षा समर्पण नभएको भए नेपालका निकुञ्ज, आरक्ष र बन्यजन्तुको संरक्षण संभव थिएन ।

२०५० भित्रै निकुञ्जहरू मरूभूमिकरण भएर प्लटिङ भइसकेका हुने थिए । निकुञ्ज निजीकरणको यो नग्न मोडलमा ५० बर्ष पुरानो संरक्षण खम्बा सेनाको हैसियत र जिम्मेवारी के हुने ?

खोइ डा. तिर्थमान श्रेष्ठ, बिश्वनाथ उप्रेतीलगायतका संरक्षण हस्ती र बिज्ञहरूसँग राय लिएको । खोइ वातावरण कानुन बिज्ञ र संरक्षण साझेदार संघ संस्थाहरूसँग परामर्श गरेको? अनि किन बिर्सेको हिजो चुरे पीडितहरूले सिंहदरबार घेरेको र ठप्प पारेको ताजा आन्दोलन ?

यो संवेदनशील कानुनका खिलाफमा भोलि आन्दोलनको ज्वारभाटा उठ्ने अवस्यम्भावी छ । एकदिन संरक्षणविरोधी कथित् घरानाको लगानी डुब्ने निश्चित छ । निकुञ्ज बाहिरको ८० प्रतिशत बन पैदावर काठ र जडिबुटीको बैध ब्यापार खोइ? र, निकुञ्ज चाहियो ।

जलविद्युतको औचित्य सकिएर विकल्प आइसकेको अवस्थामा निकुञ्जका खोला ताक्नुको नियत के? निकुञ्जले दिएका खोलाहरूमा निकुञ्ज बाहिर जल विद्युत किन ननिकाल्ने?

बिश्व संगठन र बिश्व महासन्धि, सन्धिको हस्ताक्षर सदस्य राष्ट्रले अन्तर्राष्ट्रिय मापदण्डका बिश्व मान्यता र कदर पुरस्कार प्राप्त निकुञ्ज आरक्षलाई राष्ट्रिय अपमान र बदनाम हुने गरि ब्यापार अनुकूल पुनर्परिभाषित गर्न कसरी मिल्छ?

हिजो निकुञ्जबाट बिस्थापित हुने आदिबासीलाई उक्साउने र आइलओको धारा १६९ आकर्षण भइ अन्तर्राष्ट्रिय टोकेसो आउने कच्चा काम किन गर्ने?

६० लाख हेक्टर बन क्षेत्र मध्ये ४२ लाख हेक्टर वन क्षेत्रलाई खोइ उत्पादनमुखी बनाएको र रोजगारसँग जोडेको? चुस्त बैज्ञानिक बन ब्यवस्थापन गरेर संरक्षण क्षेत्र बाहिरबाट निकाल्न सक्ने ९ करोड क्यु फिट काठ र राजश्वलाई खेर फालेर निकुञ्ज ताक्नुको नियत कालिदास हुनु हो ।

जग हसाउने राष्ट्रिय गौरवको आयोजना रे । कति सुन्दर लोकरिझ्याइँको यो भाषा । सचेत नेपाली जनताले मेलम्ची, पोखरा, भैरहवा बिमानस्थल जस्ता धेरै राष्ट्रिय गौरवका आयोजनाहरू देखिसके, भोगिसके, चेतिसके ।

र, वातावरणप्रति अति सचेत संरक्षणप्रेमी समुदायलाई आँखामा छारो हाल्ने निकुञ्ज भित्रको राष्ट्रिय गौरवको अर्को छल आयोजना कदापि मान्य हुने छैन । किनभने निकुञ्जहरू आफैं ७० प्रतिशत पर्यटक तान्न गौरवशाली क्षेत्र हुन् ।

त्यहाँ भित्र अर्को अतिसंबेदनशील क्षेत्रको घोषणा जगत हँसाउने बकवास् हो र कथित् राष्ट्रिय गौरवको आयोजना नारा भइरहेको राष्ट्रिय गौरव ध्वस्त पार्ने राष्ट्रिय कलंक चाहिँ हो ।

निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रमा अब्बल कहलाएको मुलुकको त्यो गौरवभित्र अर्को गौरवको जलप लगाउने दुष्प्रयास नगरौं । बिश्व समुदाय र भावी सन्ततीलाई जोकर बनाउने, ठग्ने, कुचेष्टा नगरौं । सकिन्छ प्रकृतिका उपहार बन्यजन्तु अथवा, प्राकृतिक सन्तुलन नबिगारी जस्ताको तस्तै राखेर भावी पुस्तालाई हस्तान्तरण गर्दै जाउँ । प्रकृति संरक्षण गरेर बिपद्को उद्धार होइन रोकथाम गरौं । त्यो हो निःशुल्क प्राप्त राष्ट्रिय गौरवको प्राकृतिक आयोजना ।

अन्तिम प्रार्थना

अँधेरोमा ड्राफ्ट गरेको र जस्केलाबाट छल गरेर ल्याइएको यो कानुनले मर्माहत भएको अवोध प्रकृति ऐले सम्मानित सर्वोच्च अदालतको कठघरामा न्याय माग्न लम्पसार परेकी छन् । अबोध प्रकृतिलाई रक्षा कल्याण गरिदिएको र मृत प्रकृतिलाई सास भरेर पुनर्जीवन दिएको न्यायका नजीरहरू धेरै छन् । गोदावरी, बागमती, निजगढका २४ लाख रूखलाई न्याय दिने सर्बोच्च अदालतले सरकारको यो घोर प्रकृतिविरोधी, संरक्षणविरोधी र चरम दोहन एवं बिनासकारी आत्मघाती कानुनलाई खारेज गरेर न्याय दिनेछ भन्ने कुरामा राष्ट्रिय अन्तर्राष्ट्रिय संरक्षण समुदाय आशावादी छ ।

अमूल्य क्षेत्र निकुञ्जलाई एकल रजाँई क्षेत्र बनाएर भर्जिन प्रकृतिलाई बलत्कार गर्ने कुनियतबाट आएको र अत्यन्त गोप्य राखिएको यो कुकानुन सम्पूर्ण प्रकृतिप्रेमी समुदायलाई जानकारी होस् र प्रकृति रक्षा कल्याणको खातिर आ-आफ्नो ठाउँबाट अन्तिम पुकार तथा धुँवा धुवार होस् ।

यो वन्यजन्तु अधिकारकर्मी, संचारकर्मी, बिज्ञ, पूर्व प्रशासक एकढिक्का भएर प्रकृतिको बचाउमा उभिने समय हो । तस्कर पोस्ने बहुलाहा विकास होइन बिरामी प्रकृतिलाई अक्षुण्ण राख्न बलिदान दिने बेला हो । आकासे तस्करको होइन, विपन्न जनताको संविधानको धारा ३० ले सुनिश्चित गरेको स्वच्छ वातावरणको हक अधिकारको रक्षार्थ दबाबमूलक आवाज उठाउने समय हो ।

निकुञ्जका वास्तविक मालिक स्थानीय जनता । कानुन कार्यान्वयनको विरोधमा आन्दोलनमा उत्रनु अघिका उपाय यिनै हुन् । कोमामा अन्तिम सास लिइरहेकी प्रकृति मातालाई चरणकमलमा शिर राखी शुभकामना ! *(लेखक राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षका पूर्व निर्देशक र वर्तमान आईयुसिएन सदस्य हुनुहुन्छ ।)*

# मेला, पर्व र समस्या



**सुरेशकुमार पाण्डे**

समाजमा खजेम मेला पर्व आउँछन्, यसमा सबैका आ आफ्नै तर्क हुन्छन् । नयाँ-नयाँ बखेडा खडा गर्ने चलन छ । धर्मको रूपमा बङ्गाएर लिने चलन छ ।

यस्तो किन हुन्छ भने हाम्रा सन्तानहरू बिभिन्न देशमा पुगेर फर्किएका हुन्छन् । फर्किंदा त्यो देशको परमपराका केही अंश पनि साथमा लिएर आउँछन् । त्यही आयातित् परम्परालाई उनिहरूले जानि नजानी नेपाली माटोमा उमार्ने प्रयास गर्दछन् ।

जनै पूर्णिमा, तिज, दशै, तिहार लगायतका पर्वहरूमा अचेल प्रष्टै फरक-फरक व्यवहार देखिन्छ । त्यो मात्र होइन जन्मदिन मनाउने क्रममा वा मानिसलाई घाट लिएर जाने क्रममा पनि धेरैजसो आयातित व्यवहारले घर जमाउँदै गएको छ । तीजजस्ता पर्वमा अस्लिल नृत्य त्यसैको पश्चिमेली प्रभाव हो ।

एउटाको बाउ आमा मर्छ सय जना मलामिहरूका सयौं आ-आफ्नै तर्क हुन्छन् । जुन व्यक्ति सोकमा हुन्छ उसैलाई यो गर ऊ गर भनेर गाइड गर्न थाल्छन् । कसैले उसको मर्म बुझ्दैन । संवेदना हराउँदै जान थालेको छ । साँच्चैभन्दा मानिस मरेपछि उस्को आस्रितलाई त्यो जुनसुकै व्यक्तिलाई थुप्रो भ्रम सिर्जना गरेर ऋणमा पारेका हुन्छन् । स्वर्ग नर्कको नाममा भ्रम दिने प्रयत्न गर्नु आचरण बनिसकेको छ ।

त्यस्तै प्रकारले मेला पर्वहरूको बारेमा पनि आ-आफ्ना दन्ते कथाहरूले समाजमा भ्रम सिर्जना गर्दछन् । हरेक पर्व वा जात्रालाई अश्लिलता गाँजेको देखिन्छ, त्यो दुःखद् बिषय हो । छाडा संस्कृति बढेको छ । यसले समाजलाई कस्तो खालको असर पर्ला भन्ने बारेमा या त उनिहरू अनभिज्ञ छन् या कुनै बाहिरिया शक्तिको गोटी बनेका छन् । जसले समाजलाई छिन्नभिन्न बनाएर देश टुक्राउने प्रयत्नमा छ ।

जसरी भएपनि भाइरल हुने, धन् कमाउने प्रयासले सिङ्गो देशलाई बद्नाम गर्दै लगेको छ । देशको ठुला-ठुला धर्मस्थल पशुपतिनाथको कोटीहोममा विदेशीहरूको घुशपैठले पनि नेपाली परमपरामा धेरै असर परेको देखिन्छ । “रामनाम सत्य हो’ मानिसलाई घाट लिएर जाँदा यस्तो नारा केही वर्ष यता लगाउन थालेका छन् । पहिले एकोहोरो शङ्ख बजाउने चलन थियो । पुरानो चलन मासिदै गएको छ ।

जन्मदिन मनाउँदा केक काट्ने चलन पनि आयतित् नै हो । त्यो परम्परा नेपालको गाउँ घरमा थिएन् । जन्मदिनमा दियो बाल्ने र टीका लगाएर आशीर्वाद दिने चलनलाई उल्टाएर केक काट्ने र मोमबत्ती निभाउने गर्न थालियो ।

किन हाम्रो समाजले आफ्नो संस्कृती छाड्दै विदेशी संस्कृत अपनाउँदै जान थालेको छ ? यसबारेमा कसले हो आवाज उठाउने ? पुरानो पुस्ता मरेर जाने र नयाँ पुस्ताले विदेशी परम्परा अबलम्वन गर्ने हो भने नेपाली समाज कता जाला ? के यो चिन्ताजनक बिषय होइन ? समाजशास्त्रीहरू किन मौन बसेका छन् ?

हामीलाई थाहा छ नेपालमा दहेज प्रथा थिएन, बरू सति प्रथा थियो, देउकी प्रथा पनि थियो । बाल बिवाह जस्तो अपराध पनि थियो । जुन सुधारोन्मुख हुँदैछ । तर दाइजो प्रथा भनेको आयातित हो । जो अहिले घरघरमा भेटिन्छ ।

दाइजो प्रथाका कारण उनिहरू पटक पटक जीवनभरी मर्नेगर्छन् । किन की दाइजो प्रथा भनेको केटीवालाले केटालाई किन्नुजस्तै नै हो । कसैले दुलाह किन्न सकेन उस्को बिवाहा हुँदैन । कसैले दैजो लगेन ऊ जीवनभरि अपहेलित हुन्छ । त्यो मात्र होइन दैजो न ल्याएको भनेर जिउँदै जलाएको उधारणहरू भेटिन्छन् ।

एकातिर ठुलो संख्या आफुलाई प्रगतिसिल बिचारका पक्षधर भन्छन् आर्को तिर उनैले दहेजका कुरा गर्छन् जो हाम्रो समाजको चलन भइसक्यो । बरू हाम्रो समाजमा ‘छोरी र छोरा बराबर सम्पति चरचर’का नाराहरू घन्किएका हुन्छन् । वेला बखतमा समान अधिकारका कुराहरू त अवश्य हुन्छन् तर व्यवहारमा आयातित परम्परा अपनाउँछन् । समाजमा संस्कृति बचाएर सभ्य शिक्षा आवश्यक छ ।

एकातिर प्रगतिशिल भन्नेहरूले छोरीलाई रित्तै पठाउँछन् ।आर्को तिर छोराको बोली लगाएर विक्रि गर्छन् । यो हाम्रो समाजको दोहोर नीति बनेको छ जो हाम्रो होइन तर अचेल यस्तो हुँदै आएको देखिन्छ । तीजमा, रूख डान्स, लुंगी डान्स अनि के हुन के हुन प्रकारका अश्लिल नाच र गीतहरू बजारभरी छताछुल्लै भेटिन्छन् । सोशल मिडियामा यस्तै गीत र नाच वाइरल हुँदै आएका छन् ।

प्रश्न छ, समाज र संस्कृति कतातिर जाँदैछ । के हुँदैछ ?

दशै तिहारमा पिङ्ग हालेर पिङ्ग खेल्ने चलन थियो । चेलीबेटीहरू डाँडामा चौतारीमा भेट भएर दुःख सुख्खका गीत गाउँदथे । राम्रो नृत्य हुन्थ्यो । जसलाई महिला पुरूषहरूले बाल बालिकाहरूले हेर्ने र त्यसबाट शिक्षा लिने गर्थे । त्यही प्रकारले जनैपूर्णिमा यो भान्जा जुवाँईहरूले डोरो बाँध्ने भानिज वा जुवाईहरू नभए बाहुनले बाँध्ने चलन थियो । त्यसो हाम्रो समाजले किन गर्छ भनेर पत्ता लगाउने प्रयत्न चलेकै वेलामा यसलाई रक्षाबन्धन्को रूपमा प्ररिवर्तित् गरियो । अहिले रक्षाबन्धन राखी बाँध्ने परम्परा सुरू भएको छ । आफ्नोपन मेटिदै गएको छ ।

केही वर्षदेखि दंशैमा रामलीला सुरू भयो । यो भारतिय परम्परा नै हो । नेपालमा रामलिला भएको भएपनि अपवादको रूपमा तराईमा छिटपुट देखिन्थ्यो । अचेल पहाडहरूमा पनि रामलीलाको चस्का परेको भेटिन्छ ।

दशैंमा ठुलाबडाहरूले टिका लगाएर आशीर्वाद दिने चलन छ । तिहारमा भाई दाजुलाई दिदी बहिनीहरूले टिका लगाइदिने चलन सदियौं पुरानो हो । भैयादुज भारतको कयौं राज्यहरूमा पनि छ । तर रक्षा बन्धन् भारतमा व्यापक छ । रक्षा बन्धनको बारेमा भारतमा थुप्रै चलचित्रहरू पनि बनेका छन् । होली पर्व हाम्रो देशमा फागुनमा फागु गीत गाउने, प्रेमी र प्रेमिकाहरूले फागु खेल्ने गरिन्थ्यो । अहिले भारतकैजस्तो होलीका जलाउने परम्परा सुरू भएको छ ।

यस्ता कयौं परम्पराहरू नेपाली समाजमा नेपाली मौलिकता परमपरा धुमिल हुँदै गएको देखिन्छ । नेपालको रहनसहन, भेषभुषा, संस्कृति सबैमा अतिक्रमण हुँदै आएको छ । हुँदाहुदै नेपाली पोषाक दौरा र सुरूवाल टोपी आस्कोट लगाउने चलन पनि बिस्तारै छुट्दै गएको देखिन्छ । हुनुपर्ने के हो भने स्कुलहरूमा राष्ट्रिय पोषाक अनिवार्य गराउनु पर्ने तर अहिले त संसदमा पनि अनिवार्य ठान्दैनन् । विदेशी ऋण लिई लिई राष्ट्रिय परिचय पत्रले त झनै त्यो सिस्टम नै सक्यो । भारतमा जस्तै आधार कार्ड नेपालको राष्ट्रिय परिचय पत्र सुरू गर्यो । यो पनि विदेशीकै दवाबमा गरेको देखिन्छ । यद्यपि यसलाई अहिले अन्तरिम रोक लागेको छ ।

हाम्रो देश विश्वमा एक मात्र स्वतन्त्र देश जो कहिले कुनै देशको गुलाम भएको छैन । आफ्नो स्वाभिमानको रक्षाका लागि थुप्रै शहीद भएको इतिहास भेटिन्छ । तर अहिलेको अवस्था अत्यन्तै तरल बनेको छ । जो देशभित्रको मौलिकता माथिको आक्रमणले प्रष्ट पारेको हामीले देखेका छौं । खास गरेर गणतन्त्र पछि झनै साम्राज्यवादी शक्तिले कुनै न कुनै रूपमा आक्रमण गर्दै आएका छन् । यो देशको स्वाभिमान माथिको आक्रमण हो भनेर बुझ्नुपर्छ । नेतृत्वले बुझ्न् सकेन ।

जबसम्म देशका नागरिकहरूले आयातित् धर्म परम्परालाई आफ्नो स्वाभिमानको बिरूद्ध ठान्दैनन् त्यसको बिरोधमा आवाज उठाउँदैनन् । त्यो वेलासम्म देश असुरक्षित रहिरहने छ । आज बिस्तारवादी, साम्राज्यवादीहरूको चलखेल व्यापक रूपमा हुँदैछ । उनैको इसारामा सरकारले निजिकरणलाई बढावा दिँदै लगेको छ । विदेशीले नेपालमा उद्योगधन्दा खोल्न, चल्न नदिने, आफ्नो बजार बनाउने रणनीति नेपालले बुझ्न् सकेन । पूर्वाधार निर्माणका नाममा भ्रष्टाचार भइरहेका छन् । हरेक क्षेत्र दुरावस्थाले गलित छ । हरेक दिन दुर्घटनाहरू भइरहेकै छन् । सरकार कुम्भकर्णको निद्रामा सुतेको छ । यस्तो अबस्थामा जनताको एकता संचेतनाले मात्र सुरक्षा दिन सक्ने छ । जनता कहिलेसम्म उदासीन रहने हो, मुख्य प्रश्न यही छ ।

# Nepal faces enormous challenge, BRI at the crossroads of geopolitics

*Sharachchandra Bhandary*




"The 2024 Media Cooperation Forum on Belt and Road" was recently held in Chengdu, southwest China's Sichuan Province, by People's Daily, the official newspaper of the Communist party of China (CPC) Central Committee. The event took place as the massive infrastructure project known as the Belt and Road Initiative (BRI), announced by Chinese President Xi Jinping, enters the golden era of its implementation.

The event, which brought together officials, academics, businesspeople, and over 200 delegates from media organizations in almost 80 countries, had the dual goals of strengthening media cooperation and fostering common development.

China came up with the massive infrastructure project known as the Belt and Road Initiative in an effort to improve connectivity and trade throughout Asia, Europe, and Africa. Many financial and physical development projects have been undertaken over the years, ranging from satellite networks to the building of railroads. It is still one of the biggest infrastructure projects ever launched by a single nation.

China has signed more than 200 cooperation agreements with more than 150 countries and more than 30 international organizations, including Nepal, as of June 2023, according to the BRI white paper that China released. In May 2017, a BRI agreement was reached between China and Nepal. Since then, the BRI has generated debate and has not been put into practice. Nepal claims that China has not made it apparent what terms will apply to the loan or grant implementation of this project. But Nepal wants grants to be used to manage the BRI project. However, China prefers to use a loan rather than a grant to carry out the project. China has been stating that it has adopted the same BRI policies as it has with other nations; the Chinese government has also made it plain that it will not adopt any different policies for Nepal. Some people interpret it as China's plan to increase its power.

Due to the influence of foreign actors and geopolitics, Nepal has not been able to carry out the excellent megaproject of win-win cooperation. International relations experts assert that until China and India's relations improve, it will be challenging to execute the Belt and Road Initiative (BRI) in Nepal. They also assert that issues will arise until India accepts the BRI. The Western powers have also viewed it warily. Westerners doubt China's ability to use the Belt and Road Initiative to expand its network throughout the world. All of their attention is on how to make it fail.

Experts claim that Nepal is also feeling the effects of the BRI. Several nations are putting pressure on Nepal's government and political parties regarding the BRI. They think that Nepal can make significant strides in the area of physical infrastructure if the Belt and Road Initiative is put into action. Maintaining a balance in its relations with its two neighbors is currently Nepal's biggest challenge. They believe that while it is very difficult to maintain people-to-people contacts because of language and geography, China is necessary for investment and cooperation. Nepal's economic development will be more challenging without China's assistance.

Some academics have drawn a connection between Nepal's potential for geopolitical unrest and the BRI's implementation. However, this risk has been further amplified by postponing the BRI's implementation and demanding the implementation of a different agreement that was started in opposition to it. It has sparked concerns about the government's approach to fostering equality among friendly nations.

Political leaders cannot afford to act rashly and later regret their choices. Even for common people, taking responsibility for their agreements and understandings is a matter of conscience. In this sense, political leadership needs to be more responsible and sensitive. It is crucial to be aware of attempts to use politics of confusion regarding the Belt and Road Initiative to further entangle the nation in geopolitics. Preventing the muddy splash of animosity between the powerful countries will be beneficial to the nation. However, the attempt to isolate the opposing side in response to external pressure will intensify the geopolitical conflict.

Given the challenges China faces on the US-led strategic front, it makes sense for it to take into account its geopolitical and strategic advantages in Nepal as well. It makes sense for China to want to increase the number of its allies while decreasing the number of its adversaries. In order to achieve this, it has been extending relationships on a "win-win" basis throughout the globe. Countries in Asia, Africa, and Latin America have felt more at ease with China's policy because they are up against the dominance of strong Western nations over all of their resources. which is assisting China's rise to global dominance even more.

During an eleven-day visit to China, four journalists from Nepal spoke with local Chinese leaders and journalists who expressed their hope for the growth of Nepal's tourism industry and the aspirations of their citizens for the country's overall development. The Chinese leadership is in favor of forging friendly ties with other political parties in addition to keeping China's relationship with Nepal restricted to communist parties. China believes that by developing the agricultural sector and exporting agricultural products, Nepal can make enormous strides in its economic development. According to a Chinese study, Nepal's extensive connectivity will enable it to fully utilize its enormous potential in the tourism and hydropower sectors.

Citing China's achievements, they said that the country's economic, technological, and educational sectors have all seen previously unheard-of growth as a result of the open policy. Every Chinese person thinks that the current president's BRI will lead to unprecedented levels of development and prosperity. The Belt and Road Initiative (BRI) provides a strong basis for global and Chinese sustainable development. The foundation for China's modernization is its open policy, and the Belt and Road Initiative (BRI) is what will position China as a global power and the world's largest economy.

Furthermore, they asked that the false statements made by the West about China's progress and the Belt and Road Initiative be refuted and that Western media journalists go to China to see the situation firsthand rather than spreading misinformation. They have asked to spread the word that China is progressing alongside everyone. They made these demands in response to claims made by some so-called Western experts that China's loans under the Belt and Road Initiative are trapping impoverished and developing nations in debt. China has repeatedly said in the open that those accusations are unfounded. The forces that opposed overall growth in developing nations created the "debt trap."

Li Shulei, a member of the Communist Party of China (CPC) Central Committee's Political Bureau and the head of the CPC Central Committee's Publicity Department, addressed the forum in the meantime and stressed the significance of the 2024 Media Cooperation Forum on Belt and Road, pointing out that it provides an important forum for communication and exchange among media professionals from different nations.

People's Daily President Tuo Zhen said that the forum offers a great chance for media organizations all over the world to share ideas and experiences. He emphasized that the Belt and Road Initiative (BRI) has created new opportunities for global communication and collaboration, pointing out that Chinese President Xi Jinping has given media cooperation a lot of consideration within the initiative's framework. He stated that the BRI aims to promote growth and reciprocity, in line with worldwide patterns of harmony and collaboration.

Hu Guo, Vice President of People's Daily, stated that "BRI accumulates advanced economic, industrial, and scientific potential of countries, capital, technologies, competencies, and talents for the benefit of universal global development."

Other speakers emphasized the need to genuinely implement BRI and raise the standard of living for their respective peoples. They declared, "The goals of a military alliance do not drive the BRI project. In terms of development, this project is dependable for connecting to the outside world. BRI is not a strategic military initiative. It envisions collaboration solely on infrastructure and economic development. It carries with it the understanding of reciprocal advantages in the social and economic domains. It will mark a significant step toward creating a just world.

Participants in the forum voiced the opinion that media outlets ought to do a better job of reporting on the practices and contributions made by partners in the Belt and Road Initiative (BRI) as well as narrating tales of win-win cooperation in those nations. The guests urged media organizations to advance information connectivity, intensify efforts to be enabled by digital and smart technologies, and strengthen cooperation to highlight the wonders of various civilizations, pointing out that the Belt and Road Initiative (BRI) has flourished since its founding.

The forum also adopted the "Belt and Road Media Cooperation: Chengdu Initiative," demonstrating the media community's dedication to promoting reciprocal engagement. According to the document, "Participating countries have prioritized connectivity since the launch of the Belt and Road Initiative (BRI), leading to enhanced policy coordination, infrastructure development, seamless trade, financial integration, and stronger people-to-people connections." Global economic growth has been stimulated, international economic cooperation has been facilitated, and global connectivity has been reinforced by these efforts.

The Chengdu Initiative highlights the ongoing significance of media collaboration in fostering cross-cultural dialogue and mutual understanding, acknowledging that the Belt and Road Initiative is entering a new phase. The text goes on to say, "Media outlets in participating nations should uphold the values of the Silk Road, which are harmony, collaboration, inclusivity, transparency, and mutual gain. In order to foster stronger ties between all parties involved, they should adhere to the concepts of cooperative consultation, cooperative construction, and shared gains. They should also spread impartial, unbiased, and accurate information and abstain from bias, fake news, and misinformation.

It suggested using the media's combined influence to effectively tell BRI stories about shared prosperity and development, strengthening regional cooperation and enhancing global governance, and promoting cross-cultural learning and increased people-to-people interactions.. To avoid misunderstandings, it has been emphasized that fake news publications should be held more accountable.

*Bhandary works for the National News Agency (RSS) as an executive editor. His recent visit to Chinese City Chengdu served as the basis for this reporting.*



## Nepal should learn from Africa about China's sensibilities

Prem Sagar Poudel

The Forum on China-Africa Cooperation held in Beijing conveyed the message that Africa is China's priority. America is trying to expand investment and relations to make Africa in its favor. In this situation, China has made it clear that it has reinforced its contact with Africans. What Nepal will learn from this forum has not been discussed in Nepal. China is not a priority in Nepal due to the expanding of relations with America. China's investment is also not significant in terms of returns. Therefore, China's collaboration with Africans is like a ripe bael for crow for Nepal. However, there are some topics that Nepal can learn from this forum.

In terms of investment, Nepal can be an attractive place for China. As the cost of laborer in China increases, Chinese companies can come to Nepal because of cheap labor in Nepal. However, Nepal is not interested in this matter. It seems that China is always ready to collaborate for the all-round modernization and development of Africa. Nepal should find the reason why China's interest in Nepal is decreasing.

The US and its G7 partners are pushing ahead with plans to build infrastructure in African countries. When Africans keep their relationship with China, misrepresentations are used, including the debt trap. This commentary is also in Nepal. However, Nepal is carrying this wrong commentary of the West. This problem comes until the issue of Nepal's national interest is clear. From this conference, it seems that Nepal should make China clear about its national interests.

At the conference, Chinese Foreign Minister Wang Yi said that all assistance to Africa is welcome. But he also warned that dominant behavior should not be shown in this process. Why can't not only China but also America use this commentary in Nepalæ Nepal should be clear on this matter. On the other hand, China presented the highest example of hospitality by honoring the African delegates, with a red carpet welcome and presentation of cultural tableaus. Nepal should also find the reason why Nepal does not get the same respect as the African representatives from China.

In his speech, President Xi proposed upgrading bilateral relations with all African countries to a strategic level. He also emphasized on building the China-Africa community. This conference has created a basis for China and Africa to work in the fields of fairness and rationality, openness and win-win cooperation, people-centeredness, diversity and inclusiveness, ecological-friendly work, and peace and security. Why Nepal has not been able to build such a base with China so far.

At the conference, Chinese and African representatives raised the issue of cooperation in the Global South. In his speech, President Xi announced that China, together with African countries, will bring a wave of modernization to the entire South. In this way, China seems to be trying to establish itself as a partiality of the entire South and a reliable alternative to America. The leaders of Nepal link China's efforts in Nepal with self-interest. This is the difficult path seen in the Nepal-China relationship.

China's egalitarian thought is a major reason why Africans trust China instead of the West. China respects the sovereignty of African countries. Never interferes in their internal affairs. Now the West is trying to impose ideologies like homosexuality, individualism, and materialism in Africa. The West has implemented in behavior what it wants to do in Africa. Nepal should learn from Africans in this matter.

In 2021, China released a white paper entitled 'China Africa Cooperation in the New Era'. It mentions the principles of cooperation between China and Africa. It emphasized sincere friendship and equal treatment, a blending of justice and national concerns, people's development and openness, inclusiveness and coordination. In addition, China insisted on not placing any human rights or political conditions on the aid and not seeking

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 14 **Against the Law**

Elsewhere, protectorates are graduating to independence and colonies are marching to freedom. In Sikkim, a protectorate is moving to "freedom within India" by annexation through constitutional legerdemain. The Hindustan Times, 30 August 1974.

Sikkim is not a part of India, and the Indian constitution cannot be twisted to give its people representation in our parliament. Shyam Nandan Mishra, Lok Sabha, 2 September 1974. Armed with an Indian permit to reside. permanently within the inner line, Kazini bustled into Gangtok in late July, chuckling that there had never been a dull moment in Kalimpong for 20 years, and telling everyone how much she had enjoyed "midnight cooking assignments for the dear old Kazi's people". contd...

With Hope gone, she was looking forward to being the sole purveyor of Western wisdom in a rustic world. The two women had barely ever met, but the Gyalmo's higher rank had always rankled with Kazini and fuelled her enmity. Her dislike of Coo Coo la was even more the jealous product of distance; but the Chogyal's sister had withdrawn into a private shell, and the chief minister's wife did not any longer need to fear being upstaged. In fact, she was determined to assert her position as the first lady of Sikkim. The PO and the chief executive both had wives, but they were Indians whereas Kazini, blissfully disregarding her own British passport, saw herself as foremost in Bhutiya-Lepcha society.

She was soon to be disillusioned. Gangtok boasted none of Kalimpong's raffish cosmopolitanism. There were no sprigs of foreign royalty, no mysterious European travellers, or swashbuckling Tibetan aristocrats to animate her salon. Society was homely beyond endurance. Such activity as once existed had revolved round the palace; there was no substitute for that focus even if the unpolished Sikkimese were looking for a replacement. No one was; and Kazini was viewed with mingled fear and mistrust, a strange apparition from another world whose meddling was to be avoided. The dak bungalow with its unimaginative departmental furniture, that had been allotted to her husband, was humble compared to the palace, India House, or even Mintokgang. To add to her chagrin, K. M. Lal was housed in an identical bungalow next door, able to keep an eye on every little flutter in her modest domain.

It was a disappointing home-coming. Worse was the discovery of the narrow field of her husband's operations fenced in as it was by the chief executive's overriding powers. Even within his own enclosure, Kazi dared not take a single step without clearance from India House or Mintokgang. The chief minister cut a sorry figure as he waited on Bajpai and Das for orders. Kazini was excluded from their confabulations, and was convinced that the Indian security men posted day and night outside her doors were really spying on Kazi and her. contd...

# नियमन भन्यो कि भारत रिसाउँछ




नेपालले पारिवारिक स्थितिलगत तथा कार्य-अनुमति परिचयपत्र (वर्क-पर्मिट) लागू गर्ने र त्यसलाई निरन्तरता दिने योजना थियो । टोलीले अङ्गीकृत नागरिकता चाहने ३२,००० भारतीयको निवेदन संकलन गऱ्यो, ६९,१९,७६२ जनालाई जन्मसिद्ध नागरिकता, उमेर नपुगेका ५० ९८ १०१ नावालकहरूको अभिलेख दुरूस्त पाऱ्यो । फेरि २०४३ साल मार्ग १ गतेदेखि १०४ टोली द्धारा ३३,६६,५२४ जनलाई स्थायी नागरिकता प्रमाण पत्र वितरण गऱ्यो । पुन: २०४४ पौषदेखि २०४५ जेठसम्म ७५ रै जिल्लामा ५१० टोलीद्धारा थप ३०, १२,१८७ जनालाई नागरिकता बाडियो तथा छुट भएका १४,३९,०२० को आवेदन संकलन गरिएयो । त्यसपछि पनि छुटलाई स्थानीय प्रशासनबाटै नागरिकता दिने व्यवस्था मिलाइयो । २०४६ असार मसान्तसम्म ८० ४१ ४४२ नागरिकता बाँडियो । पुन: १०३ टोलीबाट बाँकी सबैलाई नागरिकता प्रमाणपत्र वितरण गरेपछिको संख्या ८६ ५४ ७९९ पुग्यो ।

वि.सं २०४७ को राजनीतिक परिबर्तन पछि भारत यसमा छिऱ्यो र पञ्चायतकालको दिगो अभिलेखलाई भत्काउने काम थाल्यो । फलत: वि.सं.२०५१ सालमा धनपति उपाध्याय (प्रवासी)को अध्यक्षतामा नागरिकता आयोग गठन गरियो । यो आयोगले जनमत संग्रह नियमावली विपरीत २०३६ सालको जनमत संग्रहको नामावलीलाई आधार बनाएर ३४ लाख (अधिकांश भारतीय) लाई थप नागरिकता दिनुपर्ने सिफारिस गऱ्यो । एमालेपछि नेकाँले २०५२ मा सांसद महन्त ठाकुर ( अङ्गीकृत)को आयोगले नागरिकता ऐन नै परिवर्तन गर्नु पर्ने सिफारिस गऱ्यो । यी दुवै आयोगले बढी भन्दा बढी भारतीयलाई कसरी नेपाल भित्र्याउने भन्ने मनस्थितिले काम गरे । फलत: २०६३को नागरिकता ऐन बन्यो । स्मरण रहोस धनपति प्रवासी नेपाली थिए भने महन्त हुलहालमा नेपाली नागरिकता पाएका मानिस हुन् । यी पछिल्ला दुईवटा आयोगबाट भारतको चाहना अनुसार पञ्चायतकालमा निर्मित नेपालको दिगो अभिलेखनै ध्वस्त बनाइयो । आजको नेपाल अभिलेख विहीन छ ।

तीनदशकपछि आज २०४७ को मतदाता सूचीलाई आधार मानी नागरिकता दिनुपर्ने तथा आमाको नागरिकताबाट छोराछोरीलाई नागरिकता दिनुपर्ने माग थपिएको छ । यस्ता माग गर्नेहरू अङ्गीकृत नै हुन् । फलत: २०४६ साल चैत मसान्तलाई पुन: दोश्रोपटक नागरिकताको आधार वर्ष तोकियो । यसले थप २५ लाख भारतीलाई नेपाली नारिकता दियो । पहिलोपल्ट, १८ डिसेम्बर १९६२ लाई आधार वर्ष तोकेर समाधान भएको नागरिकतालाई फेरि बल्झाइयो । तवतक २३,८७,९७३ भारतीयले नागरिकता पाइसकेका थिए । त्यतिखेर नेपालको जनसंख्या १५६ लाखमात्र थियो । सन् १९८१-९१ मा ७५.७ प्रतिशत आप्रवासी भारतीय थिए । तराइका आप्रवासीमध्ये ९४.३ प्रतिशत भारतीय थिए, जसमध्ये ८४.८ ले नेपालमा घर बनाइसकेका थिए । सन् १९८० र ९० का दशकका २५ वर्षमा तराइमा १७७.८ प्रतिशत भारतीय आप्रवासीको संख्या बढेको थियो । फलत: ३८,५०,००० भारतीयले नेपाली नागरिकता पाएका थिए ।[६] सन् १९९८ सम्ममा त्यो बढेर आज ६३ लाख भारतीयले नेपाली नागरिकता पाएका छन् । भारतका गृहमन्त्रीका अनुसार नेपालमा १ करोड भारतीय मूलका नागरिक छन् ।

नेपालमा १६ मुलुकका आप्रवासी छन् तर भारत बाहेक अरू १५ मुलुकको संख्या १ प्रतिशत भन्दा कम छ । भारतले अनेक बहनामा खुला सीमाको दुरूपयोग गरेर थपिएका छन् । एसियन अध्ययन केन्द्रको खोज अनुसार, प्रतिवर्ष दुइ लाखको संख्याले भारतीयहरू नेपालमा थपिँदै गएका छन् । यस तथ्याङ्क अनुसार हाल सम्म ४६ लाख भारतीयहरू नेपालमा थपिइसकेका छन् । तर विवाह आदि समेत जोड्दा त्यो संख्याा ६३ लाख पुगेको छ ।

यसबीच तलब वृद्धि नभएकाले कर्मचारीले रित्ता थाल ठटाएर विरोध प्रदर्शन गरिरहे, सांसद आफ्ना सुविधा बढाउन तल्लीन रहे, संस्कृत भाषालाई अनिवार्य रूपमा पठनपाठन नगराउनेमा विद्यार्थी रहे, दलका कार्यकर्ता लाखौंलाई अस्थायी शिक्षक वा संस्थानमा भर्ना गराउने र पजनी प्रथाद्वारा स्थायी गरिने जस्ता कुरामा व्यस्त रहे । राष्ट्रियता सम्बर्द्धन गर्ने कुरामा कसैलाई सोच्ने फुर्सद भएन । बाबु नेपाली भए मात्र वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने भन्ने रिट निवेदनलाई सर्वोच्च अदालतले सार्वजनिक बहसको बिषय बनाएर भारतको पक्षमा काम गऱ्यो ।

सारांशमा भन्नुपर्दा माथि उल्लेख भए अनुसार दिगो प्रभावलाई मनन गरी स्वतन्त्र नेपालको अस्तित्वका हिमायती नेपालीले गहिरिएर बुझ्नुपर्छ कि भारतीय नीति नव-उपनिवेशवादी हा, जस्ले नेपालमा २०६३ सालमा ठूलो खेल खेल्यो । भारतले जित्यो, नेपालले हाऱ्यो । तमीलहरूको समस्या पनि भारतीय मूलबाट सुरू भएको थियो । नेपालमा पनि श्रीलङ्काकै स्थिति हुनसक्छ । भारतीय मूलका तराईवासी भनेर उक्साउने भाषाले पनि त्यही संकेत गर्छ । आर्यवंश वा वैदिक धर्मलाई भारतीय मूल भनिएको हो भने पहाडभरि आर्य र हिन्दुको बसाइँ छ । तराइ मात्र भन्नु षडयन्त्र हो । नागरिकता ऐन बनाउँदा आठ दल र भारत एक पक्ष, राजा र जनता अर्को पक्ष देखिए पछि राजसंस्था उखेल्नेतिर भारत लाग्यो । २०७० साल असार २६ गते भारतका परराष्ट्रमन्त्री खुद्रिस नेपाल आउँदा आठ दलको दास मनोदशा देखियो ।

भारतले फुटाऊ र हत्याउ सिद्धान्तको पुनरावृत्ति गरेको छ । स्थानीय निर्वाचनमा भागलिन नागरिकता जरूरत नपर्ने इण्डियनले पनि उम्मेदवारी दिन पाउने प्रावधान सहित २०५४ भदौ ६ मा अध्यादेश जारी गरिनु भारतको दवावमा गरिएको राष्ट्रघाती कार्य थियो ।

विदेशी हस्तक्षेप हटाउनेतर्फ राजनीतिलाई रूपान्तरण नगरेसम्म दलीय व्यवस्थाले नेपालको हित गर्नसक्ने देखिदैन । वर्क पर्मिट प्रथा लागू गरिनुपर्छ । दुइदेशबीच विवाह भएकाको, नागरिकताबारे समान कानून हुनुपर्छ ।

तराइका नेपालीले नागरिकता पाएनन् भन्ने भारतीय अनर्गल कुरा हो, नपाएपछि अदालतको ढोका खुला छ । जब कोही अदालतमा जाँदैन भने त्यो घृणा अफबाह मात्र हो । भडकाउबाद हो । नेपालमा नागरिकताको कुनै समस्या छैन । २०४७ को संविधानको नागरिकता दफाले नै नागरिकताका सबै समस्या सहज समाधान गर्न सकिन्छ ।

## सोझा सिधा बाँच्ने दिन गए अब



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

चिहान, ब्रम्हनाल । अदालतको आदेशपछि नदी किनारामा नक्सा पास गरेर बस्नेहरूको कोकोहोलो चलेको छ आजकल । अचम्म छ आदेश पनि ।

गाउँघरमा कोही बितिहाले भने रमझम छाडेर शोक मनाउने गरिन्थ्यो । कुनै काज हुँदैछ भने पनि रोकिन्थ्यो । तर, त्यसदिन सँगै डाँको छाडेर रूँदै बसेका आफन्त थिए । ताली बजाएर बागमती किनारामा गाउँदै र नाच्दै गरेकाहरूले पनि कुनै भाव नै प्रकट गरेनन् । गरून् पनि किन ! हरितालिका तीज भन्दै तीजमा विरहको भाका गाइरहेका थिए । वर्षभरिका पीडालाई चेलीले विरह पोख्ने समय थियो । न्याय नपाए गोर्खा जानु भन्थे, न्याय पाउनका लागि न्यायालय धाउने पनि थिए । तर, अहिले त न्याय मरिसक्यो । नोटका बिटामा बिकिसक्यो । सेटिङमा छ न्याय ।

आमजनताले जनप्रतिनिधि छाने । जनप्रतिनिधिले सरकार छान्यो । त्यही सरकारले ऐन कानुन बनायो । अनि त्यही ऐन कानुन पालना गराउन न्यायको मूर्ति भन्दै न्यायाधीश छाने । तर न्यायाधीशमाथि पार्टीले सीमा कोर्ने गरेको छ ।

जनता बबुरोलाई न काठको मूर्तिले न्याय दियो । बलेको काठको रापले दायाँ पनि हान्यो बायाँ पनि हान्यो । यताबाट पनि हान्यो उताबाट पनि हान्यो । कहिले १० मिटरले हान्यो कहिले २० मिटरले हान्यो । हान्दाहान्दै जनता घायल छन् ।

अदालतका न्यायको मूर्ति पनि कस्ता भए भने, सिंहदरबार उभिएका पृथ्वीनारायणको सालिकजस्ता । श्रीपेच फालिदिए पनि सहेकै छ । लगाइदिए पनि सहेकै छ । लिपे पनि ठीक, पोते पनि ठीक । त्यस्तै छ न्यायालय । सेतोलाई सेतो नै प्रमाणित हुन्थे ऊ बेलाका न्यायमूर्ति । तर, अहिले बेला फेरिएको छ । सत्ता फेरिएको छ । मन फेरिएको छ । चाटुकारहरू फेरिएका छन् । घर, गाडी, घोडा सबै फेर्नुपर्ने पनि छ । त्यसैले चेलीहरूले बागमतीको किनारामा विरहको भाका गाएका ।

न्यायाधीशले आफ्नो घरको ढल बागमतीमा लगेर फाल्छन्, नदी खोलामा ढल नमिसाउन आदेश दिन्छन् । त्यही नदी, खोला बेच्नेलाई माफी र सफाइ पनि दिए । तर, त्यही नदीको पानीले सिञ्चित गरेर बाउबाजेको खेत जोत्नेहरूलाई २० मिटर होइन अझै २० मिटर पर बस भन्दै मुटु नै फुट्ने गरी फर्मान जारिगरे ।

अदालतमा काठको मुंग्राले ढ्याक ऽ ढ्याक पार्दै न्यायमूर्तिले के बुझे र निष्कर्ष गरे कुन्नी काठमाडौंको नदी किनारामा धानखेती नै गर्ने सोच बनाएका छन् । त्यही भएर होला नदी खोला किनाराको २० मिटरको मापदण्डमा थप २० मिटर थपेर ४० मिटर बनाइदिएका छन् । धन्य न्यायमूर्ति छन् र त बागमती किनारामा सुकुम्वासीहरूले बास पाएका छन् । अब त्यही सुकुम्वासीहरूको संख्या कम भएको ठानेर अहिले नदी र खोला किनाराबाट ४० मिटरको रेखा कोरेका हुन् कि ।

न्यायमूर्तिहरूले धेरै कुरा बुझेका छन् । काठमाडौं भूकम्पको जोखिम क्षेत्र भएको भएर काठमाडौंलाई अलि खुला क्षेत्र बनाउन खोज्या अरे ! खोला किनारामा हजारौं सुकुम्वासी हुँदा आँखा चिम्म गरेर बसेका न्यायमूर्तिले हजारौं हैन लाखौंलाई सुकुम्वासी बनाइदिने आदेश गरिदिए । अनि चेलीहरूले विरहको गीत नगाए के गाउनु त ?

देश छाडेर विदेश गाका युवाहरू रगत पसिना उतै सिध्याएर उमेर '४० कटेसी रमाउँला' भन्दै गीत हिट भाको थियो । त्यही सम्झेर हो कि न्यायमूर्ति पनि सुपरहिट हुने 'भाइरल' बनिने आदेशमा छन् । त्यसका बाउबाजेको जग्गामा घर बनाएर भाडा खान पल्केकालाई सुकुम्वासी बनाइदिएपछि टन्टै साफ ! क्यावात् न्याय ?

न्याय होस् त अहिलेको चालिसे निर्णय गर्ने जस्ताको होस् । गरिबी हटाउनेभन्दा पनि गरिब नै हटाइदिएपछि खेल खतम भएन ? धन्न, काठ र रापले बनाएका न्यायमूर्तिले त्यही काठ रापलाई धज्जी उडाइदिए । यत्तिको न्याय गर्नसके किन न्याय खोज्न गोर्खा जानु ? बागमतीलाई ढलमती बनाएर शुद्ध गरेजस्तै भएन र ?

न्यायमूर्तिको ठाउँमा अन्यायमूर्ति आएपछि, कानुन बनाउने बेला नून खाएपछि, तेस्रो अंगलाई तृतीया लागेपछि अनि चौथो अंग चुत्थो अंग भएपछि यहाँभन्दा बेथिति अरू के हुन्छ र ? यो नेपालमा सोझा सिधाको दिन गए अब ।




एक बुजुर्गको कुरा- सुकुम्बासी भन्या छन्, ४ तल्लाको घर सामाखुसीमा छ, गोगबुमा पनि छ, भाडा लगाएर महिनाको लाखौं उठाएको छ, आफ्नै गाडीमा हिँड्छन् । धेरैजना काठमाडौंका सुकुम्बासीको बास्तविकता हो यो । हजारे तलबी बन्नु सट्टा खुरूक्क सरकारी जग्गा कब्जा गरेर भाडा लाएर मनग्गे कमाइने रहेछ ।

पार्टीको कार्यकर्ता र सुकुम्वासी बन्नुको रहस्य यस्तो पो रहेछ ।

कोशी हाइड्यामको कुरा फेरि उठेको छ । परराष्ट्रमन्त्री डा.आरजु राणालाई भारतले रेड कार्पेट बिछ्यएर स्वागत गऱ्यो, प्रधानमन्त्री मोदीले नै भेटवार्ता पनि गरे । यो नेपालका लागि सम्मान नभएर भारतले नेपाललाई सीमा मुद्दा नउठाउन र कोशी हाइड्यामका बारेमा नेपालको सहमति लिनका लागि गरेको थियो भन्ने जलविज्ञहरू बताउन थालेका छन् । कोशी हाइड्याम बन्यो भने नेपालका लागि अर्को महाभूकम्प । प्रस्तुत छ, यो विश्लेषण-सं.

# कोशी हाइड्यामले ल्याउने महामारीको लेखाजोखा



**साध्यबहादुर भण्डारी**

पानी जस्तै बिजुली पनि औद्योगिक कच्चा पदार्थ हो । कच्चा पदार्थ बेचेर कुनै पनि राष्ट्र धनी भएका छैनन् बिजुली बेचेर नेपाल पनि धनी हुन सक्दैन अझ गरिब हुनेछ । त्यसैले

- देशमा चाहिने ५० वर्षको लागी घरेलु खपत र औधोगिकीकरणमा विद्युतको ग्यारेन्टी

- विरलै बनाउन सकिने जलाशययुक्त आयोजनालाइ बहुउद्देश्यीय आयोजनाको रूपमा अगाडि बढाउने

- आयोजनाबाट बन्ने अतिरिक्त पानीको उपयोगको कार्ययोजना पहिले नै तयार गर्नुपर्ने, यदी पानी उपयोगको योजना नभए तल्लोतटीय राष्ट्र भारतले उक्त पानी उपयोग गर्ने हुँदा उक्त अतिरिक्त पानीको मूल्य लिने अनिवार्य व्यवस्था मिलाउनुपर्ने, यदी भारत यो कुरामा सहमत नभए जलाशयुक्त आयोजना निर्माण नै नगरी रन अफ रिभर योजना मात्र बनाउने

- तल्लो तटीय लाभको कुरा गर्दा सिँचाइ बाढ नियन्त्रण र खानेपानी आमोदप्रमोदको समेत मूल्यांकन गरी थप रकम लिने व्यवस्था मिलाउने

- जल, जंगल र जमीन माथी स्थानीय जनताको अग्राधिकार कायम गरी श्रोतका मालिक जनतालाइ बनाइ पूर्ण सार्वभौम बनाउनुपर्ने

- आयोजना निर्माण गर्दा स्थानीय जनताको लगानीको ग्यारेन्टी हुनुपर्ने र योजना छनौट देखी नै स्थानीय जनताको अर्थपूर्ण सहभागीता अनिवार्य रूपमा गराउनुपर्ने

- श्रोतका मालिकको हकमा स्थानीय जनता प्राथमिकतामा राखी केन्द्र सरकार दोस्रो हकदार रहने व्यवस्था गरिनुपर्ने

- विद्युत् रोयल्टीवापत आउने रकम प्रत्यक्ष प्रभावित क्षेत्रका जनतासम्म पुग्ने व्यवस्था स्पष्ट गर्नुपर्ने

- आयोजना बनाउँदा वातावरण न्यूनीकरण र सामाजिक उत्थानको लागि खर्च गरिने रकमहरू स्थानीय जनताको सहभागीतामा खर्च गर्ने व्यवस्था मिलाउने

- निकासीमूलक आयोजनामा कुनै पनि सरकार तथा कम्पनी सँग विद्युत् खरीद सम्झौता गर्दा नेपालमा आयात गरिने विद्युतको मूल्य भन्दा सस्तोमा गर्न नपाइने

- कुनै पनि आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनिवार्य गर्नुपर्ने तर साना तथा मझौला योजनाको हकमा अत्यन्त सरल प्रावधान राख्ने

- आयोजना छनौट गर्दा साना र मझौला आयोजनालाइ प्रमुख प्राथमिकतामा राख्ने

- जलविद्युत आयोजना निर्माण गर्दा राष्ट्रिय अर्थतन्त्रलाइ प्रवर्द्धन गर्ने गरी स्वदेशी प्रविधि र स्थानीय जनता र कामदारलाइ पहिलो प्राथमिकता दिइनुपर्ने

- नाफाखोर विदेशी कम्पनी र पूँजीलाइ निरूत्साहित गरिर्नुपर्ने ।

- तत्काल सरकारले भारतले अन्तराष्ट्रिय कानुन विपरित वनाईएका सवै अवैद्य बाधँहरूको प्राकृतिक वहाव सुचारू गर्न पहल गर्नु पर्दछ। अन्यथा सरकार आफैले ति वाधँहरू भत्काउनको लागि जनतालाई प्रोत्साहन गर्नु पर्दछ ।

- भारतले नेपाल-भारत सिमाको निकट वाट पुर्व पश्चिम तेर्सिएर नेपालको तराईलाई जलकुण्डीमा परिणत गर्ने गरी पश्चिमको पाकिस्तानको किनारा देखि पुर्वको मेघालय सम्म २२ सय कि.मि.लामो नेपालको तराई लाई छेकेर लमटन पर्ने गरी सिमा सडक नामक वृहत वाधँ परियोजना निमार्ण गरि रहेको छ । उक्त वाधँ परियोजनाले नेपालवाट वेगर जाने सवै खोलानालाहरूको प्राकृतीक वहाव रोकिने र नदिनालाका ढोकाहरू साना वनाएका कारणले गर्दा खेरी नेपालको तराई क्षेत्र वषेनी दुवानमा पर्ने गरेको छ र यसले अरवौ सम्पतीको क्षेत्ती लाखौ घर पालुवा चौपाया र पुश पन्छिको क्षेत्ती र दजौनौ तराईवासी नागरिकहरू मरि रहेका छन र यसको क्षेत्ती पुर्तीको लागि अन्तराष्टिय अदालत सम्म ढोका धचधच्याउनु पर्दछ ।

ड्ड भारतले निमार्ण गरेको निमार्ण गरेका वाधँ प्रणाली र कठित सिमासडकवाट नेपालको तराई छिट्टै नै मरूभुमी करण हुन सक्ने भएकोले त्यसको उचि समाधानको लागि सरकारले वृहत पाईलट प्रोजेक्ट तयार गरी काम सुरूवात गर्नु पर्दछ । अन्यथा जनता आफैले नै तराई वचाउको लागि र तराई वासीहरूको सुरक्षाको लागि आवश्यक पहल लिने छन । ( सान्दर्भिक चासो, बहसका लागि)

## नेता चुनाव जित्छ र चरित्रहीन बन्छ



देश सम्पन्न हुनका लागि लिखित संविधानले मात्र नहुने रहेछ । १७७६ मा स्वतन्त्र भएको अमेरिका आज विश्वशक्ति बनेको छ । १७८८ मा जर्ज वाशिङ्टन राष्ट्रपति बनेका हुन् । १८६५ मा आएर अब्राहम लिंकन राष्ट्रपति बनेपछि जनताका लागि, जनताद्वारा, जनताले नै शासन गर्ने पद्धति अर्थात प्रजातन्त्रको परिभाषालाई विश्वव्यापी गराउन सफल भए । रक्तपातपूर्ण जनक्रान्तिको रोकेर दासप्रथाको समेत अन्त गर्ने नैतिक साहस देखाए, संवैधानिक र राजनीतिक संकटको अन्त गरे । संघीय शासनलाई बलियो बनाए र आधुनिक अर्थतन्त्रको जग बसाले ।

हामी बुद्धको निर्वाणा के हो भनेर जान्दै नजान्ने बुद्धु हौं । युवा निकासी गरेर विदेश बनाउन सक्ने, विदेशीका लागि छातीमा गोली थाप्न सक्ने नेपाली, नेपालका लागि रेमिटान्स पठाएर नुनतेलको जोहोमात्र गर्न सक्छौं । अरूका लागि मर्न सक्छौं, देशका लागि केही गर्न सक्दैनौं । किनकि हाम्रो नेतृत्व शक्ति र सम्पत्तिको आडमा चुनाव जित्छ र चरित्रहीन बन्छ । चरित्रहीनलाई के इज्जत, के बेइजत ?

प्रत्येक मंगलवार
गोरखा एक्सप्रेस
साप्ताहिक पत्रिका
Web
www.nepa.today.com.np

**सम्पति शुद्धीकरण अनुसन्धान विभागको सूचना**

अपराधजन्य कार्यबाट सम्पत्ति आर्जन गरी त्यस्तो सम्पत्तिको वास्तविक प्रकृति, स्रोत, स्थान, नि:सर्ग, कारोबार, स्वामित्व एवम् सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने; रूपान्तरण वा हस्तान्तरण गर्ने; प्राप्ती, प्रयोग वा धारण गर्ने समेतका कार्य गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर (Money Laundering) र आतङ्ककारी व्यक्ति वा सङ्गठनको प्रयोजनका लागि कुनै पनि प्रकारले सम्पत्ति वा कोष सङ्कलन, सहयोग वा सहजीकरण गरी गराई आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर (Terrorist Financing) नगर्न नगराउन सम्बन्धित सबैमा सूचित गरिन्छ । उल्लेखित कसुर भए गरेको अवस्थामा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० बमोजिम सजाय हुनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ असोज १, Sep. 17, 2024






# अब दशैं तिहार नभनौं

८१ हजार ऋण थाप्लोमा बोकेका नेपालीले के सोचेका छन् ? के बापत यो ऋणभारको दायित्व नेपालले लिन परेको हो ? विकास भनौं भने बिनास भइरहेको छ, समयक्रममा हुने काम बाहेक केही भएकै छैन, जे जति पूर्वाधार छन्, ती राजा महेन्द्रले बनाएर गएका हुन्, नयाँ केही भएकै छैन भने फेरि यति ठूलो ऋणभार किन ?

एउटा बालक युवा, प्रौढ, बृद्ध हुन्छ, यो समयको खेल हो । राजनीतिले के दियो जनतालाई ? देशलाई ? परिवर्तन भयो, जनताको जीवनमा के परिवर्तन आयो ? लाजगालले अभिव्यक्ति स्वतन्त्रता भन्लान् । त्यो पनि कहाँ छ र ? जता पनि भाँडतन्त्रमात्र छ । समाचार लेखेकै कारण सत्तारूढ दलकै पत्रकार पक्राउ पर्छन् । ताक परे संविधान नत्र सडक गान, जता पनि निषेधाज्ञा छ । यहाँ नाजायज कामको बिरोध गर्नै हुन्न, कि जेल जानुपर्छ, कि प्रहरी हिरासत खेप्नुपर्छ । हो, नेता र ठूला कर्मचारीको व्यक्तिगत र पारीवारिक विकास खुब भएको छ । नेकपा स का नेता घनश्याम भुसालले भनेका छन्- ४० करोडभन्दा माथिको भ्रष्टाचारमा प्रमुख दलहरूवीच सहमति हुने गरेको छ । हामीले सबै देखेका छौं, छर्लङ्ग छ, तैपनि चुपचाप बसिरहेका छौं । भर्खरै सहकारीको १५ करोड हिनामिना गरेका सत्तारूढ दलका उपसभापति तथा पूर्व मन्त्री नै नक्कली डिभोर्स गरेर खुलेआम घुमिरहेका छन् । सप्रमाण सार्वजनिक भइसक्दा पनि यिनलाई केही भएन । यसरी सहकारी ठगी गर्ने दर्जनौं सांसद पोलिएका छन् । २५ जना त विदेश पलायन भएका रहेछन् । ०४६ सालपछि, अझ भनौं ०६३ सालपछि यस्तै बिकृति र जघन्य अपराध खातका खात भइरहेका छन् । बहुदल र लोकतन्त्रको विकास भनेको यही हो । ऋण यिनै भ्रष्ट नेता तथा प्रशासकले खाएका हुन् ।

यतिबेला सामाजिक सञ्जालमा प्रश्न उठेको छ, ऋण, अनुदान दिने राष्ट्र तथा संस्थाहरूले त्यो रकम यस्तै अनैतिक तत्वहरूलाई पोस्न दिएको हो त ? राष्ट्रका नाममा हामी नेपालीलाई बन्दकी राखेर ऋण उठाउने अनि त्यसमा भ्रष्टाचार गरेर आफू, आफ्ना परिवार र पार्टीपंक्तिलाई सबल र सुदृढ तुलाउने लोकतन्त्र यही हो । यो सबै थाहा पाएका हामी नेपाली तैपनि केही बोल्दैनौं । विभिन्न थरिले यस्ता बिकृति र भ्रष्टहरूविरूद्ध आन्दोलन गरिरहेका छन्, आन्दोलन गर्ने मिति तोकिरहेका छन् । अब यी भ्रष्टहरूको दिन सकिए, जनता जागरूक भइसकेका छन् भनिन्छ । तर आन्दोलन कहिले सुरू हुनेछ । सिंहदरवार, बालुवाटार, यी भ्रष्टहरूको दरवार घेर्न कोही उत्रदैनन् । केही दिनपछि असोज ३ गते आउँछ, गणतन्त्र दिवस । भ्रष्टहरूले भोज खानेछन्, चिप्ला भाषण गर्नेछन् । त्यसपछि दशैं तिहार आउनेछ । यो पर्व कसरी मनाउने भनेर आमनागरिक मिठो पिठो जोहो गर्न लागेका छन् । जनता लाग्नुपर्ने यी भ्रष्टहरूको शासन र सास्ती हुत्याउन लाग्नुपर्ने हो । कोही सहकारीको बचत चाहियो भन्दैछन्, कोही नदी किनारका घरवार बचाउन हारगुहार गर्दैछन् । कोही लघुवित्त र मिटरब्याजबाट मुक्ति खोज्दैछन् । जता पनि जनता मर्कामा छन्, यही शासन प्रणालीले जनतालाई सकसमा पारेको भन्ने कुरा जनतालाई किन नलागेको होला ? बालेन साह, उपसभामुख इन्दिरा राणा, धनराज गुरूङ, रवि लामिछानेमा अल्झेर बस्ने कि यो भाँडतन्त्रले चुस्यो भनेर यो तन्त्र नै फाल्नतिर लाग्ने हो ? पहिले यो व्यवस्था र यी नेतालाई मिल्काउनतिर लागौं, त्यसपछि समस्याहरूको गाँठो एक एक गरेर फुस्काउन सजिलो हुनेछ । विद्यार्थी पलायन भइरहेका छन्, युवा देशमा बस्नै चाहदैनन्, व्यापार व्यवसाय चौपट छ, एउटा त्यो कालोधनलाई सेता बनाउने शेयरमार्केट चलेजस्तो छ, बाँकी उद्यम सबै थला परिसके । विश्लेषक भन्छन्- शेयरबजार हेरेर अर्थतन्त्र मोटाएको होइन, सुन्निएको मात्र हो । त, यस्तो लठभद्र स्थितिबाट पार पाउन हामी झै सडकमा उत्रन कन्जुस्याइँ गरिरहेका छौं । बिद्रोहको बिकल्प छैन भन्ने बुझौं ।

हाम्रो पासपोर्ट कमजोर, पैसाको मूल्य कमजोर, कानुनव्यवस्था कमजोर, केही पनि सुदृढ देखिदैन । सुधारका कहीं कतै गुन्जाइस छैन । गत भदौको अन्तिममा हिन्दुहरूले ऱ्याली निकाले, उग्रता पनि देखाए, राजतन्त्रवादीहरूले पनि मौसम मौसममा ऱ्याली गर्छन्, उग्रता देखाउँछन् । चर्का भाषणबाजी गर्छन् । सेलाउँछन् । परिणाममुखी आन्दोलन हुनै सकेको छैन । त्यसो त रसातल पुऱ्याइएको मुलुकलाई उद्धार गर्न, उतार्न माइतीघर मण्डलातिर बेलाबखत केही मानिसहरू भेला हुने गर्छन् । परिणम शून्य ।

अब यसरी हुँदैन । दशैं, तिहार, छठ, माघी आदि नभनी सडकमा उत्रेर यो व्यवस्था फ्याँक्न लागि हाल्नुपर्छ बाँच्ने र मुलुक बचाउने हो भने । होइन, अलमलमा पर्ने हो भने नेपाली हौं भनेर भन्न नपाईने समय नगिचिँदै छ भन्ने देखिन्छ । यी भ्रष्टहरूको कारण मुलुक एकदमै जटिल अवस्थामा पुगिसकेको छ है ।


## डेंगीका लक्ष्यणहरू

**डेंगीका लक्षणहरू:**

- एक्कासी ज्वरो आउनु,
- ५-७ दिनसम्म ज्वरो रहनु,
- बेस्सरी टाउको दुख्नु,
- आँखाको गेडी दुख्नु
- हाडजोर्नी, मांशपेसी र ढाड दुख्नु,
- शरीरमा बिबिरा आउनु,
- रिङ्गटा लाग्नु,
- वाक्वाकी लाग्नु, बान्ता हुनु ।

यस्ता लक्ष्यणहरू देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


चीनको छङ्दुस्थित एक चर्चित रेष्टुरेन्टमा यसरी पूजा गरेको देखियो । चीनको मुख्य भूमिमा यसरी पूजा गरेको दृश्य बिरलै देख्न सकिन्छ । चिनियाँहरू पनि आध्यात्मिक हुनथालेको संकेत हो यो ।




## शेख हसिनाजस्तो नभाग्ने हो भने...



भ्रष्टाचार र संघीयता पक्षधरहरूले शेष हसिना जसरी भागेर जाने ठाउँ पनि पाउने छैनन् । बंगलादेशको घटनापछि इण्डिया चरम खतरामा परेको छ । यसको बाछिटा नेपालमा पनि पर्नेछ ।आँफु, आफ्नो परिवार र आफन्तका लागि मात्रै होइन, देशका लागि पनि सक्दो भूमिका निर्वाह गरौं । देश बिना हाम्रो अस्तित्व छैन । नेपाली भएर बाँच्न चाहनेले अहिलेको कठिन समयमा देशलाई केन्द्रमा राख्नसक्नुपर्छ । अहिले नेतृत्वले जे गरिरहेका छन्, त्यो नेपाल विरूद्ध त छनै, दुई छिमेकी विरूद्ध पनि लक्षित छ । यस्तो परिस्थिति निर्माण हुँदैछ कि यिनीहरू उत्तर-दक्षिण, पूर्व-पश्चिम र आकाश-पाताल कतै भाग्ने ठाउँ पाउने छैनन् । - *प्रेमसागर पौडेल*

## टोपबहादुरमात्र फसाइए

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर राज्यको शक्ति र प्रतिष्ठासमेत लगाएर विदेशमा मानव बेचबिखनमा संलग्न रहेको आरोपित अनुहार यिनै हुन् भनेर बहुप्रचारित रहेका छन् । आरोप छ, मुद्दा सकिएको छैन । के होला अब ?




# बिभेदकारी नीतिले सहकारीमा संकट बढ्यो

*बिष्णु निश्चल*

सहकारी क्षेत्रमा देखिएको संकटले देशको समग्र अर्थतन्त्र तथा समाजलाई नै असर पारेको छ । कुनै न कुनै रूपमा समाजमा रहेका हरेक बर्ग र तह र तप्काका आम मानिस सहकारी क्षेत्रमा जोडिएका छन । कोही सहकारीमा बचत गरेर या कोही सहकारीको माध्यमबाट ऋण लिएर यसमा जोडिएका छन् । कोही कसैको आफन्तको रकम सहकारीमा फसेर तनाबमा परेको देखिन्छ । तर यसको उचित समाधानको लागि नियामक निकार्यले प्रभावकारी रूपमा कदम चालेको देखिदैन । नियमक निकायले सहकारीमा बचत गर्नेहरूको बचत फिर्ता गर्नु पर्ने एकसरो मागलाई सम्बोधन हुनेगरी आफ्ना गतिबिधिलाई केन्द्रीत गरेको छ । सहकारीमा रकम अपचलन भएको छ, बचतकर्ताको रकम जसरी नि फिर्ता गराउनु पर्छ भनेर नियामक निकायदेखी राजनीतिक दलका नेता सम्म लागेको देखिन्छ । सहकारीको मुल उदेश्यनै सानो सानो रकम जम्मा गर्ने अनि आफ्नै सदस्यहरूलाई लगानी गर्ने हो । बचत संकलन भयो लगानी पनि भयो तर त्यो समयमै उठन नसक्दा अहिलेको समस्या आएको हो । नियामक निकायले जसरी बचत फिर्ताको लागि काम गरिरहको छ त्यसैगरी सहकारीले लगानी गरको ऋणीहरूबाट लगानी उठाउनको लागि पहल गरेको देखिदैन । बरू उल्टै यो प्रकृया पुरा भएको छैन भनेर सहकारीलाई नै दु:ख दिने गरेको छ । सहकारी क्षेत्रले आफुले सञ्चालन गरेको सहकारीको घर भाडा देखि राज्यलाई तिर्नु पर्ने सबै कर तिरको कुरालाई नियामक निकायले बिर्सिएको छ । कारबाहीको सिफारिस गऱ्यो अनि सहकारीका सञ्चालकलाई पक्राउ गरेर उनीहरूलाई कारागार पठाएपछि हाम्रो दायित्व पुराभयो जस्तो गरि गतिबिधी गरिरहेका छन् । सहकारी सञ्चालनमा कस्को भूमिका कति कसैको नाम मात्र राखेर पनि दुईचार जना मान्छेले सहकारी चलाएका छन ति नाम मात्रैका सञ्चालकलाई पनि उतिकै कारबाहीको सिफारिस गरेको छ । त्यसमा पनि कस्को भूमिका कति छ त्सको लेखाजोखा हुनुपर्छ, संलग्नता नदेखिए कारबाहि गरिनुहुन्न यस तर्फ पनि ध्यान जान जरूरी छ ।

सहकारीले रकम जम्मा गरेर सदस्यहरूलाई नै लगानी गर्ने हो त्यसले नियामक निकायले त सहकारीलाई सहजीकरण गरिदिने ऋण अस्ुल हुन नसकेको ठाउँमा सहयोग गर्ने कानुनी बाधा अडचन भए सहजीकरण गरिदिने यसो गरेमा सहकारीले लगानी गरेको रकम उठने र बचत कर्ताहरूलाई रकम फिर्ता गर्न सहज हुने थियो । आम नेपालीलाई सहकारीमा बचत गर्न प्रोत्साहन गर्ने खालका कार्यहरू नियामक निकायहरूले गर्न प्रयास गर्ने हो भने सहकारीको संकट समाधान गर्न धेरै समय लाग्दैन । केही सहकारीहरूका सञ्चालकहरूले सहकारीको बचतलाई आफुखुशी लगानी नगरेका भने हैनन तर त्यस्ता सहकारी थोरै छन । तर अधिकास सहकारीले बचत रकम संकलन गरेर सदस्यहरूमै लगानी गरेका छन । अहिले पनि सबै सहकारी जोखिममा छैनन् । जोखिममा भएको भनिएका सहकारीको संख्या सानो छ । सरकारले सहकारी दर्ता गर्ने तर नियमन गर्ने क्षमता विकास नगर्ने काम गरेको छ । समस्यामा परेका सहकारीले आफ्नो अवस्थाको बारेमा बास्तबिकता आफ्ना सदस्यहरूलाई दिउन ऋण लगानी उठाउने र संस्थाको चल अचल सम्पतिको ब्यबस्थापन गर्न एक दुई बर्ष दिने हो भने यो समस्या समाधान हुन्छ ।

समुदायमा आधारित, सदस्यकेन्द्रित भएर कारोबार गरेका, गरिरहेका, सदस्यको विश्वास जितेका, सहकारीको मर्म, मूल्य-मान्यता र सिद्धान्तलाई व्यवहारमा उतारेर काम गरेका सहकारीहरूमा कुनै समस्या छैन । हुनत सहकारी क्षेत्रले राष्ट्रको कुल ग्राहस्थ उत्पादनमा ३ प्रतिशत हाराहारीमा योगदान गरिरहेको यस क्षेत्रले प्रतक्ष्य अप्रत्यक्ष गरी लाखौलाई रोजगारी सृजना गरेका छन यो कुरालाई पनि हामीप्ले भुल्नु हुदैन । सहकारीले सहकारीको वित्तीय सिद्धान्त र नियमअनुसार व्यवस्थापकीय कार्य सञ्चालन गर्न नसक्दा, व्यवस्थापकीय क्षमता भएका कार्यसञ्चालन समुह निर्माण गर्न नसक्दा, ऋण लगानीमा अनावश्यक राजनीतिक हस्तक्षेप हुँदा, खास लगानी क्षेत्र र त्यसको प्रकृति नछुट्याई ऋण परिचालन गर्दा, त्यस्ता क्षेत्रमा गरेको लगानीको साँवा र लगानी फिर्तामा ढिलाइ हुँदा, ऋण परिचालन र लगानी उठाउनमा जिम्मेवार नबन्दा, केन्द्रीय नियमन निकाय र स्थानीय सहकारी सञ्चालन प्रक्रिया बीच समन्वय अभाव हुँदा सहकारी क्षेत्रको ठुलो सम्भावना हुदै गर्दा पनि सहकारी संकटमा परेका हुन् । सहकारीमा साना वर्गका परिवार, व्यक्ति को बचत छ तर लगानी भने सम्पन्न, पहुँचवाला, ठूला लगानी गर्न सक्ने ठूला व्यवसायी, धनाढ्य, रियल स्टेटवालाको नै बढी हालीमुहाली देखिन्छ । सहकारीको समस्या समाधानको लागि राज्यले सहकारी सञ्चालनसँग सम्बन्धित कानुनी व्यवस्थालाई संशोधन गरेर वा नयाँ आवश्यक कानुन निर्माण गरेर खराब ऋण उठाउनेतर्फ लाग्नुपर्छ भने ऋण उठाउनको लागि ऋणीको चलअचल सम्पत्ति जफत गर्ने कानूनी आधार बनाएर ती सम्पत्ति लिलाम गरेर लगानी कर्ताको बचत फिर्ता गर्न अग्रसर हुनुपर्छ । सहकारी संस्थाहरू समस्याग्रस्त हुनुको कारण उनीहरूको सम्पत्ति र दायित्वबिच अवधिको असन्तुलन नै हो । बचतको अवधि गणना गरेर ऋणमा परिचालन गर्नुपर्नेमा अन्य विभिन्न व्यवसाय, स्थिर सम्पत्तिहरू, घरजग्गाजस्ता अचल सम्पत्तिहरूमा लगानी गरेर समस्या आएको यो यसलाई